वैठक संख्या : ९३/२

आज मिति २०७९।०९।२६ गते मंगलबारका दिन विहान ११:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरूको उपस्थितिमा वैठक बस्यो ।

तपशिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उपप्रमुख | |
| ३ | श्री मणी पुलामी थापा मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ७ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | |
| ८ | श्री टेक बहादुर राई | सदस्य | |
| ९ | श्री सुनिता चौधरी | सदस्य | |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री बिक्रम राई | सदस्य | |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १५ | श्री रिता राजवंशी | सदस्य | |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १७ | श्री सन्च माया लिम्बु | सदस्य | |
| १८ | श्री निलम कुमारी राई | सदस्य | |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री विजय तोलाङ्गी | सदस्य | |
| २२ | श्री गणेशराज कार्की | सचिव | |
| - | अन्य कर्मचारीहरू | | |
| १ | महेन्द्र खड्का | अधिकृत आठौं | |
| २ | धनमाया राई | लेखा अधिकृत | |
| ३ | झमक भट्टराई | अधिकृत छैठौं | |
| ४ | कृष्ण न्यौपाने | एम.आई.एस अपरेटर | |
| ५ | दिनेश खड्का | स.कम्प्युटर अपरेटर | |
| ६. | केशव प्र. आचार्य | १ | |
| ७. | योगेश पुर्ण वैठक अजन्ति | | |

प्रस्तावहरू

१. अघिल्लो बैठकको समिक्षा र अनुमोदन सम्बन्धमा ।
२. समसामयिक विद्येयकहरू सम्बन्धमा ।
३. कार्यविधि संसोधन सम्बन्धमा ।
४. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धमा ।
५. राजस्व परामर्श समितिको सिफारिस सम्बन्धमा ।
६. आ.व. २०७९/८० को बजेट तथा कार्यक्रम सम्सोधन सम्बन्धमा ।
७. आ.व. २०७९/८० का लागि सडक बोर्डको आयोजना छनौट सम्बन्धमा ।
८. म्याद थप सम्बन्धमा ।
९. विस्तृत आयोजना प्रस्ताब सम्बन्धमा ।
१०.संघीय सरकारसँग आ.व. २०८०/८१ का लागि आयोजना प्रस्ताब गर्ने सम्बन्धमा ।
११.प्रदेश सरकारसँग आ.व. २०८०/८१ का लागि आयोजनाको समपुरक कोष सम्बन्धमा ।
१२.योजना तथा कार्यक्रमको अनुमोदन सम्बन्धमा ।
१३.समितिको पूर्णता सम्बन्धमा ।
१४.निर्णयमा भएको खर्च स्वीकृत / अनुमोदन सम्बन्धमा ।
१५.राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम सञ्चालन सम्बन्धमा ।
१६.जनता माध्यमिक विद्यालय, बेलबारी ९ मा नवनिर्मित भवनको उद्घाटन कार्यक्रम सम्बन्धमा ।
१७.स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सम्बन्धमा ।
१८.बेलबारी नगरपालिकाको प्रशासनिक भवनको अन्तिम भुक्तानी सम्बन्धमा ।
१९.Cold Storage को कार्यप्रारम्भ सम्बन्धमा ।
२०.नदिजन्य पदार्थको मौज्दात तथा भण्डारण सम्बन्धमा ।
२१.गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरणको गणकहरूको रकम भुक्तानी सम्बन्धमा ।
२२.भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँचका लागि बजेट व्यवस्थाप्र सम्बन्धमा ।
२३.बेलबारी क्रिकेट क्लबलाई रकम थप सम्बन्धमा ।
२४.संस्था दर्ता सम्बन्धमा ।
२५.राष्ट्रिय परियचपत्रको विवरण संकलनका कर्मचारीलाई थप सुविधा सम्बन्धमा ।
२६.स्थानीय प्रोफायलका लागि तथ्याङ्क संकलनकको सूविधा सम्बन्धमा ।
२७.कोभिडबाट मृत्यु भएका नागरीकलाई राहात वितरण सम्बन्धमा ।
२८.नगर अस्पतालबाट विषेशज्ञ सेवा सञ्चालन सम्बन्धमा ।
२९.नगर अस्पताल जाने सडक निर्माण सम्बन्धमा ।
३०.बेरूजु समपरीक्षण सम्बन्धमा ।
३१.नगरसभा सञ्चालन कार्यसूचि सम्बन्धमा ।
३२.विविध ।

क. "घ" वर्ग ईजाजत सम्बन्धमा ।
ख. बहुवर्षिय ठेक्का सूचना ।
ग. बेलबारी बहुमुखी क्यासम्को प्रगती विवरण
घ. बेरोजगार व्यक्तिको नामावली ।

निर्णयहरू

निर्णय नं. १. मिति २०७९।०८।११ गते सम्पन्न कार्यपालिका बैठकले गरेका निर्णयहरूको कार्यान्वयन अवस्था देहाय बमोजिमको चरणमा रहेको पाईयो ।

देहाय

| क.स. | निर्णय नं. | मुल विषय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | ३ | कार्यविधिहरु सम्बन्धमा | प्रमाणिकरण र राजपत्रमा प्रकासन । | |
| २. | ४ | निर्माण इजाजत प्रदान गर्ने सम्बन्धमा | श्री ईन्द्रेणी कन्स्ट्रक्सन प्रा.लि, बेलबारी १० लाई ईजाजत नं. २१ बाट ईजाजत प्रदान गरिएको । | |
| ३. | ६ | V.O. सम्बन्धमा । | बेलबारी नगरपालिकाको प्रशासनिक भवनमा लिप्ट निर्माणका क्रममा सामाग्री थप गर्ने गरी र अन्य सन्दर्भमा काम गर्ने गरी पेस भएको भेरियसन देहाय बमोजिम स्वीकृत गरी कार्यसम्पन्न भएको । | |
| ४. | ७ | फोहोरमैला व्यवस्थापन RFP सम्बन्धमा | फोहोरमैला व्यवस्थापन RFP स्वीकृत गरी संक्षिप्त सुचिमा समावेश भएका समान प्रकृतीका कार्य गर्ने फर्म/कम्पनीलाई प्रस्ताब पेस गर्नका लागि RFP जारी गरिएको । | |
| ५. | ९ | ठेक्का बन्दोबस्त सम्बन्धमा । | बेलबारी बहुमुखी क्याम्पसको भरखरै निर्माण सम्पन्न भएको मुल भवनको दोस्रो तल्लामा थप गर्न कार्य अगाडि बढाउन प्राविधिकद्वारा प्राविधिक परीक्षण गरी / गराई तल्ला थप सम्बन्धमा स्टक्चर ईन्जिनियरको प्रतिवेदन पेस गरेको । स्टक्चर ईन्जिनियरको तल्ला थप गर्न नसकिने भनि प्रतिवेदन प्राप्त भएको हुँदा प्रदेश सरकारसँग प्रस्ताव गरे बमोजिम कै नयाँ प्रशासनिक भवन निर्माण गर्नका लागि सूचना प्रकासन गरी विद्युतिय माध्यमद्वारा ठेक्का प्रकृया प्रारम्भ गरिएको । | |
| ६. | १० | कल्भर्ट निर्माण (१०,८,९,६) सम्बन्धमा | वडा नं. ७ र ८ को सिमा (गलय डाँडा (गयल खोलामा), १० (नारायणचौक पश्चिम, चिसाङ भङ्गालो), ९ र ६ (सोमबारे चोक ९ र ५ नं. जोड्ने दुधाहा खोला), ८ (जनता माध्यमिक विद्यालय, राधानगर गेट अगाडि पैनी) र ८ (धिमाल टोल (झोडा खोलाको पैनी)) को लागि विनियोजित रकम अपुग भएको । | |
| ७. | ११ | प्रहरी चौकी मर्मत (वडा-७) सम्बन्धमा | बेलबारी वडा नं. ७ मा रहेको प्रहरी चौकीको भवन मर्मतका लागि कार्य प्रकृयामा रहेको । | |
| ८. | १२ | कृषि तालिम केन्द्र मर्मत गर्ने निर्णय सम्बन्धमा | बेलबारी ७ मा रहेको कृषि सेवा केन्द्रको भवन जिर्ण भई प्रयोग विहिन भएकोहुँदा उक्त भवन मर्मतका लागि प्राविधिक परीक्षणको चरणमा रहेको । | |
| ९. | १३ | सुनुवार सेवा समिति सम्बन्धमा | सुनुवार सेवा समाज बेलबारी — ११ को कार्य सम्झौता भएको र एकता मार्ग ग्राभेल लागाउने उपभोक्ता समिति (निर्वाचन बुथ जाने) बेलबारी — १० को कार्य सम्पन्न भएको । | |
| १०. | १४ | विद्यालय कर्मचारी/सहयोगी अनुदान। | अनुदान भुक्तानीका लागि प्रकृयामा रहेको । | |
| ११. | १५ | मेलमिलाप कर्ताको नामावली अनुमोदन। | मेलमिलाप कर्ताको नामावली अनुमोदन भई तालिम समेत सम्पन्न भएको । | |

| क्र.स. | निर्णय नं. | मुल विषय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १२. | १६ | भगवती मा.वि. सँग सम्झौता। | भगवती मा.वि.को स्वामित्वमा रहेको कसेनी १ घ कि.नं १६ को जग्गा विघा ०-११-० मध्ये जग्गा विघा ०-८-० नगरपालिकाले पशुहाट बजारको लागि प्रयोग गर्नका सम्झौताको प्रकृयामा रहेको । | |
| १३. | १७ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालन। | विद्यालयहरूसँग समन्वय भएको र Technical Audit भएको । | |
| १४. | १८ विविध क | अनुगमन । | सुरू गरिएको । | |
| १५. | १८ विविध ख | सहकारी दर्ता । | सहकारी दर्ता सम्पन्न । | |
| १६. | १८ विविध ग | स्थायी प्रहरी चौकी सिफारीस । | सिफारीस गरिएको । | |
| १७. | १८ विविध घ | ओकेटोके । | प्रकृयामा रहेको । | |
| १८. | १८ विविध छ | सुकुम्वासी भवन स्थानान्तरण अनुदान सहयोग । | प्रकृयामा रहेको । | |
| १९. | १८ विविध ज | पार्कीङ व्यवस्थापन । | प्रकृयामा रहेको । | |
| २०. | १८ विविध झ | विशेषज्ञ सेवा । | मिति २०७९।०९।२५ गते सोमबार देखि सञ्चालन हुने । | |
| २१. | १८ विविध | विद्युतिय सवारी साधन । | नभएको । | |
| २२. | १८ विविध ट | सुरक्षा ईकाईहरूलाई ईन्धन सहयोग । | भईरहेको । | |
| २३. | १८ विविध ठ | कर्मचारीलाई ईन्धन तथा मर्मत सुविधा । | भईरहेको । | |
| २४. | १८ विविध ड | बेलबारी नगर अस्पताल । | घर भाडाको सम्झौता भई कार्य प्रारम्भ भएको । | |
| २५. | १८ विविध ढ | परामर्श सेवा सम्बन्धि नम्स तथा दररेट । | स्वीकृत । | |
| २६. | १८ विविध ण | शवदाहा घाट सम्बन्धमा । | तीन स्थानमा परियोजना प्रस्ताब तयार भई स्वीकृतीका लागि पेस भएको । | |
| २७. | १८ विविध त | समपुरक / विषेश अनुदान । | कार्य प्रकृयामा रहेको । | |
| २८. | १८ विविध थ | रकमान्तर । | भएको । | |

निर्णय नं. २. कानुन मस्यौदा तथा विधयान समितिबाट पेस भएका देहाय बमोजिमको विधेयक स्वीकृती तथा संसोधनका लागि नगरसभा समक्ष पेस गर्ने निर्णय गरियो ।

देहाय

| क्र.स. | विधेयकको नाम | कैफियत |
|---|---|---|
| क. | बेलबारी नगरपालिका जलश्रोत उपयोग तथा व्यवस्थापन विधेयक, २०७९ | नयाँ विधेयक |
| ख. | बेलबारी नगरपालिक स्वास्थ्य विधेयक, २०७९ | नयाँ विधेयक |
| ग. | बेलबारी नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०७९ | नयाँ विधेयक |
| घ. | बेलबारी नगरपालिकाको भू-उपयोग विधेयक, २०७९ | नयाँ विधेयक |
| ङ. | बेलबारी नगरपालिकाको सुशासन विधेयक, २०७९ | नयाँ विधेयक |
| च. | कृषि तथा पशुपालन व्यवसाय सम्बन्धी विधेयक, २०७९ | नयाँ विधेयक |

| क्र.स. | विधेयकको नाम | कैफियत |
|---|---|---|
| छ. | बेलबारी नगरपालिका कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा व्यवस्थापन विधेयक २०७९ | नयाँ विधेयक |
| ज. | न्यायिक समितिको (कार्यविधि) २०७५ को दोस्रो संसोधन विधेयक २०७९ | संसोधन विधेयक |
| झ. | शिक्षा सम्बन्धि व्यवस्था गर्न बनेको ऐन २०७६ को दोस्रो संसोधन विधेयक २०७९ | संसोधन विधेयक |
| ञ. | खेलकूदको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ पहिलो संसोधन विधेयक २०७९ | संसोधन विधेयक |
| ट. | बेलबारी प्रज्ञा प्रतिष्ठान ऐन, २०७८ को पहिलो संसोधन विधेयक २०७९ | संसोधन विधेयक |
| ठ. | बेलबारी नगरपालिकाको विनियोजन ऐन २०७९ को पहिलो संसोधन विधेयक २०७९ | संसोधन विधेयक |
| ड. | बेलबारी नगरपालिकाको आर्थिक ऐन २०७९ को पहिलो संसोधन विधेयक २०७९ | संसोधन विधेयक |

निर्णय नं. ३. कानुन मस्यौदा तथा विधयान समितिबाट पेस भएका देहाय बमोजिमको कार्यविधि संसोधन गर्ने निर्णय गरियो ।

देहाय

क. विद्युतिय रिक्सा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९

| साविकमा भएको व्यवस्था | थप हुनुपर्ने विवरण | थप गर्नुको कारण |
|---|---|---|
| दफा (६) नविकरण प्रक्रिया | दफा (६) नविकरण प्रक्रियालाई नविकरण तथा नामसारी प्रक्रिया बनाउने<br>दफा (६) को उपदफा (३) पछी क्रमश उपदफा (४), (५), (६), (७) थप गर्ने | विद्यमान विद्युतीय रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधिमा विद्युतीय रिक्सा नामसारी सम्बन्धी व्यवस्था नभएकोले । |
| दफा (६) मा उपदफा (१), (२), (३) भएको | उपदफा (४)- विद्युतिय रिक्सा एक व्यक्ती वा संस्थाबाट अर्को व्यक्ती वा संस्थाको नाममा नामसारी गर्न देहाय बमोजिमको कागजात सहित नगरपालिकामा संयुक्त निवेदन दिनुपर्नेछ ।<br>(क)सवारी दर्ता प्रमाणपत्र<br>(ख) सवारी साधन लिने र दिनेको नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>(ग) सवारी साधन लिने र दिने बिच भएको खरिद सम्झौता पत्रको प्रतिलिपी<br>(घ) सवारी साधन व्यक्तीको नाममा नामसारी हुने भए उक्त व्यक्तीको पासपोर्ट साईजको फोटो २ प्रति र संस्थाको नाममा हुनेभए उक्त संस्थाको छाप<br>उपदफा (५)- विद्युतिय रिक्सा नामसारीको लागि चालु आ.व को आर्थिक एन बमोजिम दस्तुर लाग्नेछ ।<br>उपदफा (६)- नामसारीको निवेदन प्राप्त भएपछी कार्यालयले नामसारी गर्न उपयुक्त देखेमा नामसारी गर्न सक्नेछ।<br>उपदफा (७)- नामसारी गर्दा सवारी साधन अनिवार्य रुपमा लिएर आउनुपर्नेछ । | |

ख. उपप्रमुखसँग मातृशिशु कार्यक्रम सञ्चालन कार्यविधि २०७९

| साविकमा भएको व्यवस्था | थप हुनुपर्ने विवरण | थप गर्नुको कारण |
|---|---|---|
| नभएको | परिच्छेद ४ क<br>कार्यान्वयन समिति | तत्काल लाभग्राहीलाई सुविधा उपलब्ध गराउन |

| | | |
|---|---|---|
| | **७क. कार्यन्वयन समितिः** (१) वडास्तरमा देहाय बमोजिमको कार्यन्वयन समिति रहनेछ ।<br>क. वडाध्यक्ष — संयोजक<br>ख. महिला सदस्य २ जना — सदस्य<br>ग. वडा सचिब — सदस्य<br>घ. सम्बन्धित वडाको स्वास्थ्य संस्था प्रमुख — सदस्य सचिब<br>(२) **कार्यान्वयन समितिको कामः** (१) वडास्तरीय कार्यन्वायन समितिले देहायको काम गर्न सक्नेछ ।<br>क. लाभग्राहीहरूलाई कार्यक्रमको बारेमा जानकारी दिने ।<br>ख. लाभग्राहीको पहिचान गर्ने ।<br>ग. लाभग्राहीको सुविधा वितरण गर्ने ।<br>घ. कार्यक्रमको प्रगतीको सन्दर्भमा निर्देशन समितिलाई जानकारी गराउने ।<br>ङ. सदस्य सचिबले लिने पेश्की, रकम भुक्तानी र पेश्की फर्यौट सम्बन्धि निर्णय गर्ने । | समिति आवश्यक भएकाले । |

निर्णय नं. ४. नगरपालिकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रचलित कानुन बमोजिम गभर्नेन्स डेभलोपमेन्ट एण्ड रिसर्च कनसल्टेन्सी प्रा.लि ललितपुर, नेपाल सँग सम्झौता गरेको र उक्त संस्थाले स्वीकृत TOR र RFP मुताविक कार्य सम्पन्न गरी नगरपालिकामा मस्यौदा प्रतिवेदन बुझाई मस्यौदा प्रतिवेदन उपर छलफल समेत भई पालिकाको तर्फबाट लिखित राय/सुझाब समेत प्रदान गरिएकोमा उक्त संस्थाबाट राय सुझाबलाई समेत मध्यनजर गर्दै अन्तिम प्रतिवेदन पेस भएको हुँदा सो उपर कार्यपालिकामा छलफल गरी मिति २०७९।०९।२८ गते प्रारम्भ हुने नगरसभामा स्वीकृतीका लागि पेस गर्ने निर्णय गरियो साथै सम्झौता बमोजिमको रकम भुक्तानी समेत दिने निर्णय गरियो ।

निर्णय नं. ५. मिति २०७९।०९।२१ गतेका दिन राजस्व परामर्श समितिले वर्तमान राजस्वको अवस्थाको चित्रण गर्दै आगामी आ.व. २०८०/८१ का लागि राजस्व प्रक्षपणको कार्य सम्पन्न गरेको छ । प्रक्षपणमा चालु आ.व.मा चौध करोड पचास लाख भन्दा बढी आय अनुमान न्यून भई स्वीकृत बजेट घाटा हुने देखिने कुरा उल्लेख गरी आगामी आ.व. का लागि चालु आ.व. प्रक्षपण गरिएको आयको दश प्रतिशतले बढोत्तरी गरी आय अनुमान पेस गरेकोमा सोलाई स्वीकृत गरी वर्तमान अवस्थाको आय संकटलाई व्यवस्थापन गर्नका निमित्त ठुला आयोजनाहरूलाई बहुवर्षिय बनाउने र राजस्वको दायरालाई फराकिलो बनाई राजश्व संकलनलाई अनुमान योग्य बनाउने निर्णय गरियो ।

निर्णय नं. ६. आ.व. २०७९/८० का लागि स्वीकृत भएको योजना/कार्यक्रम संसोधन गर्नका लागि विभिन्न शाखा/ वडाबाट प्राप्त निर्णयका आधारमा देहायका योजनाहरू संसोधन गर्नका लागि नगरसभामा पेस गर्ने निर्णय गरियो ।

| ब.शि.नं. | योजनाको नाम र वडा | विनियोजित रकम | हाल कायम हुने योजनाको नाम र वडा | संशोधन पछि स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| ११३ | विपन्न परिवार आय बेलबारी — ११ | १३२५००।- | पशु स्वास्थ्य कार्यकर्ता उत्पादन तालिम बेलबारी — ११ | ३३२५००।- | वडा स्तरीय |
| ११४ | पशु स्वास्थ्य कार्यकर्ता उत्पादन तालिम बेलबारी — ११ | २००००।- | | | |

| ब.शि.नं. | योजनाको नाम र वडा | विनियोजित रकम | हाल कायम हुने योजनाको नाम र वडा | संशोधन पछि स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| ९५ | लक्षित वर्गलाई सामान वितरण बेलबारि — ८ | २००००।- | महिला लक्षित क्रिष्टलका सामान बनाउने तालिम बेलबारी - ८ | २००००।- | वडा स्तरीय |
| ५१ | विउ वितरण बेलबारी — १ | १००००।- | महिलाहरुलाई गुडिया बनाउने तालिम बेलबारी — १ | २५०००।- | वडा स्तरीय |
| ५२ | व्यवसायिक तरकारी खेति बेलबारी — १ | १५०००।- | | | |
| ३६० | सरसफाई तथा विपद् वयवस्थापन बेलबारी — १ | १५०००।- | सडक बत्ति जडान बेलबारी — १ | १५०००।- | वडा स्तरीय |
| ४०६ | सिसौलीटोल शान्तिमार्ग ड्रेन निर्माण बेलबारी — १ | २००००।- | सिसौलीटोल शान्तिमार्ग ग्रावेल बेलबारी — १ | २००००।- | वडा स्तरीय |
| ४१० | दुर्गा मन्दिर मार्गमा कल्भट निर्माण बेलबारी — १ | ५००००।- | दुर्गा मन्दिर मार्गमा ड्रेन निर्माण बेलबारी — १ | ५००००।- | वडा स्तरीय |
| ५६८ | वडामा फिल्टर खरिद तथा फर्निचर मर्मत बेलबारी — १ | १००००।- | वडामा फर्निचर मर्मत बेलबारी — १ | १००००० | वडा स्तरीय |
| ३९१ | फुलबारी पट्रोलपम्प उत्तर तिलोचना सुवेदीको घरसम्म ब्लक निर्माण बेलबारी — १ | ८००००।- | फुलबारी पट्रोलपम्प उत्तर तिलोचना सुवेदीको घरसम्म र वडा नं. १ नगर अस्पतालदेखि सिनेमा हल लाइनसम्म सडक बाकी खण्ड कालोपत्रे बेलबारी — १ | २०००००।- | नगरस्तरीय |
| ३९२ | वडा नं. १ को स्वास्थ्य पश्चिम देखि सिनेमा हल लाइनसम्म सडक बाकी खण्ड कालोपत्रे बेलबारी - १ | १२००००।- | | | |
| ४१३ | साना योजनाहरु | ३५००००।- | गोलेपैनीमा कल्भर्ट निर्माण बेलबारी - १ | १००००।- | वडा स्तरीय खण्डिकरण |
| | | | महाराजथान मार्ग (जिवन गूरुङको घर अगाडी) बाटो ग्राभेल बेलबारी - १ | १००००।- | |
| | | | भाडा फ्याक्ट्रि पछाडि बाटो ग्राभेल र ह्युमपाइप जडान बेलबारी - १ | १५०००।- | |
| २९६ | बस्नेतहरुको धार्मिक वन व्यवस्थापन बेलबारी — ३ | १००००।- | रेडियो बेतना ९७.१ मेगाहर्ज व्यवस्थापन | १००००।- | वडा स्तरीय |
| ६४ | व्यायसायिक किसानलाई विउ, विरूवा र मल अनुदान कार्यक्रम बेलबारी - ३ | २००००/- | विपन्न परिवारलाई ढाका कपडा बनाउने तान वितरण बेलबारी - ३ | २००००/- | वडा स्तरीय |
| १०६ | दलित समुदाय बंगुर पाठा वितरण बेलबारी — १० | २००००।- | दलित समुदाय सिलाई बुनाई तालिम बेलबारी — १० | २००००।- | वडा स्तरीय |

| ब.शि.नं. | योजनाको नाम र वडा | विनियोजित रकम | हाल कायम हुने योजनाको नाम र वडा | संशोधन पछि स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३४१ | कम्पाउण्ड काडेतार घेराबारा धिरनाथ मा.वि. बेलबारी — १० | २००००।- | खेलमैदान पश्चिम एजिङ निर्माण धिरनाथ मा.वि. बेलबारी - १० | २००००।- | वडा स्तरीय |
| ३४२ | अतिरिक्त क्रियाकलाप सहयोग महेन्द्र मा.वि. बेलबारी — १० | २००००।- | फर्निचर खरिद महेन्द्र मा.वि. बेलबारी — १० | २००००।- | वडा स्तरीय |
| ३४५ | स्वास्थ्य चौकी Ice Pack फ्रिज खरिद र यांक खरिद बेलबारी — १० | ५००००।- | स्वास्थ्य प्रबर्द्धन तथा जेष्ठ नागरिक स्वास्थ्य शिविर बेलबारी — १० | ५००००।- | वडा स्तरीय |
| ५१६ | हरियाली चौक कल्भर्ट निर्माण बेलबारी — १० | ५००००।- | हरियालीचौक देखि कल्भर्टसम्म बाटो एजिङ बेलबारी — १० | ५००००।- | वडा स्तरीय |
| ५१५ | १ नं. चौक देखि बाँसबारी सडक कालोपत्रे | १०००००।- | बाँसबारी उत्तर सिर्जनाटोल जानेबाटो ग्रावेल बेलबारी — १० | ५००००।- | वडा स्तरीय |
| | | | पशुपति धिमालको घर दक्षिण सेउपाखाचौक सम्म बाटो ग्रावेल बेलबारी — १० | ३००००।- | वडा स्तरीय |
| | | | लर्डबुद्ध स्कूल दक्षिण कालोपत्रे रोड सम्म बाटो ग्रावेल बेलबारी — १० | २००००।- | वडा स्तरीय |
| ५२० | मर्मत संभार बेलबारी — १० | ८००००।- | वडा कार्यालय राजश्व काउण्टर निर्माण बेलबारी — १० | १००००।- | वडा स्तरीय खण्डिकरण |
| | | | अनामचौक पश्चिम माटीगाउँ हुँदै धैतिखोला पुल सम्मको बाटो मर्मत बेलबारी — १० | २००००।- | वडा स्तरीय खण्डिकरण |
| ५०९ | नमुना चौक देखि पश्चिम जाने सडक ग्राभेल बेलबारी — ९ | ५००००।- | नमुना चौक देखि पश्चिम एजिङ निर्माण बेलबारी — ९ | ५००००।- | वडा स्तरीय |
| २५९ | जेष्ठ नागरिक दिवसीय कार्यक्रम | १००००।- | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | १००००।- | नगरस्तरीय |
| ४५९ | पाचकोले खगेन्द्र बस्नेतको अगाडि कल्भर्ट निर्माण योजना बेलबारी ५ | १,००,०००।- | साठीविघाबाट बगरटोल जाने बाटो स्तरोन्नती | ६०,०००/- | |
| | | | पाँचकोलेको भित्रीबाटो निर्माण | ४०००० थप | |
| ७३ | महिला उद्यमशिलता प्रवर्द्धन कार्यक्रम (पिछडीएका समुदाय) | ३५०००० | (३१५) आकस्मिक सहयोग | २५०००० विनियोन भएको मा शिर्षक नं ७३ | |

| ब.शि.नं. | योजनाको नाम र वडा | विनियोजित रकम | हाल कायम हुने योजनाको नाम र वडा | संशोधन पछि स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | बाट रकमान्तर रु ५०,००० गरी आकस्मिक सहयोगमा रकम रु ३,००,००० /- कायम गर्ने | |

निर्णय नं. ७. आ.व. २०७९/८० का लागि सडक बोर्ड नेपालबाट प्रदान गर्ने सशर्त अनुदानबाट देहाय बमोजिमको आयोजनाहरूको मर्मत सम्भार गर्नका लागि कार्यविधि मुताविक सडक बोर्ड नेपालमा पेस गर्ने साथै चालु आ.व.को नगर विकास योजना शिर्षक नं. २६२ पूँजीगत सुधार खर्च (समपुरक कोष) बाट साझेदारी गर्ने निर्णय गरियो ।

देहाय

| क्र.स. | सडकको नाम | सडक रहेको स्थान | कैफियत |
|---|---|---|---|
| क. | सिसौली मार्ग सडक | वडा नं. १ | |
| ख. | सोमबारे देखि दुधा खोला जाने सडक | वडा नं. ६ | |
| ग. | लालभित्ती चौक दक्षिण देखि किस्ती पुल सम्मको सडक | वडा नं. २ | |

निर्णय नं. ८. बेलबारी नगरपालिकाले देहाय बमोजिम योजना सञ्चालनमा रहेको र उक्त योजना सम्झौता बमोजिमको समयमा सम्पन्न नहुने भएकाले देहाय बमोजिम म्याद थप्ने निर्णय गरियो ।

देहाय

| क्र.स. | नाम | कार्य सम्पन्न गर्नुपर्ने मिति | निर्माण/परामर्शदाता को नाम | कार्य सम्पन्न गर्नुपर्ने म्याद थप मिति | म्याद थप गर्नुपर्नका कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भु-उपयोग योजना तर्जुमा | २०७९/०९/१५ | श्री पिकासो कन्सलटेन्ट, ललितपुर | २०७९/१०/३० | भु वर्गिकरणका लागि स्थानीय स्तरमा विषयबस्तु बुझाउन र सहमती कायम गर्न समय लागेको कारण । | |
| २ | धनपालगढी पर्यटकीय क्षेत्र विकास | २०७९/०८/१६ | श्री किरातेश्वर/जोसी/मिसन भेजी | २०८०/०३/२३ | कोभिड, वर्षात र सयममा रकम निकासा र स्थानीय विवाद व्यवस्थान हुन नसकेकाले। | |
| ३ | Construction of Black Top Road of Ward No 4,5,6,7,8,9 & 10 | २०७९/०१/२० | श्री भाष्कर कन्सष्ट्रसन, बेलबारी १० | २०७९/११/१५ | समयमा सम्पर्कमा नआएको पछी सम्पर्कमा आएको । | थप गरिएको समयका लागि आवश्यक पर्ने बैंक जमानत लगायतका कागजात पेस गर्न पत्रचार गर्ने, तोकिएको अवधिभित्र निज |

| क्र.स. | नाम | कार्य सम्पन्न गर्नुपर्ने मिति | निर्माण/परामर्शदाता को नाम | कार्य सम्पन्न गर्नुपर्ने म्याद थप मिति | म्याद थप गर्नुपर्नका कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | सम्पर्क मा नआए धरौटी जफत गरी नीजलाई कालोसूचीमा राख्न सिफारीस गर्ने । |
| ४ | नगरपालिका अगाडी ब्लक आछ्याउ कार्य | २०७९/०८/१५ | श्री पथरी कन्सट्रसन, पथरी | २०७९/१०/१५ | त्रुटी सच्याउने समयावधिको बैंक जमानतको म्याद थप गरी पेस गर्न । | |
| ५ | किस्ती खोला मितेरी वक्स कल्भर्ट निर्माण कार्य | २०७९/०९/२५ | श्री सयपत्री मल्टिप्रपोज प्रा.लि. | २०७९/१२/२५ | वर्षातको समयमा खोलामा बाढी आएको कारणले कार्य गर्न नसकिएको । | |
| ६ | हिक्मत डाँडा देखि सिम्पाने चोक बेलबारी ४ सुम्निमा चोक पश्चिम मिलन टोल बेलबारी ११ कदम चौक सांग्लिईनार बेलबार ७ सडक कालोपत्रे निर्माण | २०७९/०३/ | श्री रावा निर्माण सेवा | २०७९/१०/३० | बजेट व्यवस्थापन समयमा हुन नसकेकाले । | |

निर्णय नं. ९. बेलबारी नगरपालिकाबाट संघीय/प्रदेश सरकार समक्ष पेस गर्नका लागि नगर प्रमुख तथा उपप्रमुख स्तरीय निर्णय बमोजिम निर्माण भई स्वीकृतीका लागि पेस भएको क्र.स. १, २ र ३ का देहायका विस्तृत परियोजना प्रस्ताबहरू स्वीकृत गर्ने साथै क्र.स. ४ र ५ मा उल्लेखित कार्यहरूको परियोजना प्रस्ताबका लागि कार्यालयको निर्णयानुसार प्रारम्भ भएको खरिद प्रकृयालाई स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

| क्र.स. | आयोजनाको नाम / ठेगाना | कैफियत |
|---|---|---|
| १ | बसपार्क निर्माण तथा व्यवस्थापन | |
| २ | बेलबारी नगरपालिका वडा नं. ३, ७ र ९ आर्यघाट | |
| ३ | श्री महेन्द्र आधारभुत विद्यालय बेलबारी ५, श्री महेन्द्र आधारभुत विद्यालय बेलबारी ६ र श्री महेन्द्र माध्यमिक विद्यालय बेलबारी १० को विद्यालय भवन निर्माण | |
| ४ | वडा नं. ५ र ६ को सिमा केसलिया खोलामा RCC पुल निर्माण | |
| ५ | बहुउद्धेश्य योग तथा आरोग्य केन्द्र | |

निर्णय नं. १०. नेपाल सरकार, राष्ट्रिय योजना आयोगद्वारा आ.व. २०८०/८१ मा समपुरक र विषेश अनुदानका लागि का सूचना प्रकासन गरी प्रस्ताव माग भएकोमा बेलबारी नगरपालिकाबाट देहाय बमोजिमका प्रस्ताब पेस गर्ने निर्णय गरियो ।

देहाय

| क.स | प्रस्ताबको नाम | पेस गर्ने क्षेत्र | माग गरिएको रकम | साझेदारी गरिने रकम रु | जम्मा |
|---|---|---|---|---|---|
| १. | विपद जोखिममुक्त वस्ती व्यवस्थापन आयोजना बेलबारी ३ | विषेश अनुदान | २ करोड | ... | २ करोड |
| २. | एकिकृत शैक्षिक सुधार आयोजना | विषेश अनुदान | १ करोड | ... | १ करोड |
| ३. | नदि नियन्त्रण तथा घाट व्यवस्थापन विपद जोखिम न्युनिकरण वडा नं. ९ | विषेश अनुदान | २ करोड | ... | २ करोड |
| ४. | बेलबारी बस पार्क निर्माण बेलबारी १ | समपुरक अनुदान | १ करोड | १ करोड | २ करोड |
| ५. | जनमार्ग सडक कालोपत्रे बेलबारी ३ | समपुरक अनुदान | १ करोड | १ करोड | २ करोड |
| ६. | श्री महेन्द्र आधारभुत विद्यालय बेलबारी ६ विद्यालय भवन निर्माण | समपुरक अनुदान | ५० लाख | ५० लाख | १ करोड |
| ७. | श्री महेन्द्र माध्यमिक विद्यालय बेलबारी १० को विद्यालय भवन निर्माण | समपुरक अनुदान | ५० लाख | ५० लाख | १ करोड |
| ८. | कदमचौक साङ्ग्रिल ईनार वडा नं. ७ | समपुरक अनुदान | ५० लाख | ५० लाख | १ करोड |
| ९. | कैलालेश्वार मार्ग वडा नं. ५ | समपुरक अनुदान | ५० लाख | ५० लाख | १ करोड |
| १०. | पृथ्वीमार्ग वडा नं. ४ | समपुरक अनुदान | ५० लाख | ५० लाख | १ करोड |
| ११. | अनामचौक नलबारी सडक बेलबारी ९ र १० | समपुरक अनुदान | ५० लाख | ५० लाख | १ करोड |

निर्णय नं. ११. प्रदेश सरकार, राष्ट्रिय योजना आयोगद्वारा आ.व. २०८०/८१ मा समपुरक अनुदान तर्फ देहायका प्रस्ताब पेस गर्ने निर्णय गरियो ।

देहाय

| क.स. | प्रस्ताबको नाम | पेस गर्ने क्षेत्र |
|---|---|---|
| १ | नदि नियन्त्रण तथा घाट व्यवस्थापन विपद जोखिम न्युनिकरण वडा नं. ७ | समपुरक अनुदान |

निर्णय नं. १२. नगर प्रमुख/उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतस्तरबाट स्वीकृत भई स्वीकृत भई सम्झौताको चरणमा रहेका, सम्झौता भएका, सञ्चालन भएका/सञ्चालनमा रहेका र भुक्तानी भईसकेका देहायका योजनाहरूलाई स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो ।

| क.स. | माग गर्ने संस्था / निकाय/ व्यक्ति | विषय | पालिकाबाट प्रदान गरेको / गरिने रकम रु. | खर्च शीर्षक (नगर विकास योजना) | कैफियत |
|---|---|---|---|---|---|
| १ | डाँगिहाट फुटबल क्लब | अन्तराष्ट्रिय फुटबल | २५,००,०००/- | खेलकुद | भुक्तान भएको । |
| २ | विपतका भएको खर्च | मिति २०७९।०९।१९ गतेको विपद व्यवस्थापन समितिको निर्णय बमोजिम । | ३,४५,०००/- | विपद व्यवस्थापन | भुक्तानी हुने क्रममा रहेको । |

| क्र.स. | माग गर्ने संस्था / निकाय/ व्यक्ति | विषय | पालिकाबाट प्रदान गरेको / गरिने रकम रु. | खर्च शीर्षक (नगर विकास योजना) | कैफियत |
|---|---|---|---|---|---|
| ३ | बेलबारी वडा नं १, २ र ३ | हात्ति आतङ्क व्यवस्थापन उज्यालो | ३,९०,०००/- | विपद व्यवस्थापन | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम विषेश परिस्थितीमा खरिद । |
| ४ | गरिव तथा विपन्न नागरिकका लागि व्याङ्केट खरिद / वितरण | व्याङ्केट खरिद | ५,७०,०८५/- | विपद व्यवस्थापन | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम विषेश परिस्थितीमा खरिद । |
| ५ | जेनेरेटर खरिद | बेलबारी नगर अस्पतालका लागि | ९,९७,०००/- | ३११२२ | तत्काल खरिद गर्नुपर्ने हुँदा खरिद प्रकृयामा रहेको । |
| ६ | कम्प्युटर/प्रिन्टर खरिद | बेलबारी नगर अस्पतालका लागि | ३,३०,०००/- | मेसिनरी औजार | तत्काल खरिद गर्नुपर्ने हुँदा खरिद प्रकृयामा रहेको । |
| ७ | एसी तथा फर्निचर | बेलबारी नगर अस्पतालका लागि | ९,९७,०००/- | मेसिनरी औजार | कार्यसम्पन्न भएको भुक्तानी भएको । |
| ८ | ईलाका प्रहरी कार्यालय बेलबारी | नयाँ निर्मित भवनको समुद्घाटन कार्यक्रम | ७०,०००/- | स्थानीय सुरक्षा व्यवस्थापन | कार्यक्रम सम्पन्न । |
| ९ | मर्मत संभार उपभोक्ता समिति बेलबारी ५ | वडा नं. ५ को विभिन्न सडक निर्माण | १,८०,०००/- | ३९५ | कार्यसम्पन्न । |
| १० | श्री भूवनेश्वर दुर्गा मन्दिर व्यवस्थापन समिति बेलबारी ४ | दुर्गा मन्दिर रंगरोगन | ५०,०००/- | ३९६ | कार्यसम्पन्न । |
| ११ | बेलबारी शाना शहरी खानेपानी उपभोक्ता तथा सरसफाई समिति बेलबारी ३ | खानेपानी पाइपलान खोलाभित्र खनेर गाड्ने कार्य बेलबारी १ | ३,८०,०००/- | ३८८ | कार्यसम्पन्न । |
| १२ | बेलबारी नगरपालिकाको विभिन्न वडामा ह्युम पाईप व्यवस्थापन | ह्युम पाईप खरिद | १५,१२,०००/- | विपद व्यवस्थापनबाट | कार्यसम्पन्न भएको भुक्तानी भएको । |
| १३ | भिन्नभिन्न | विभिन्न स्थानमा जेसिवि प्रयोग गरी खोला च्यानल गर्ने कार्य | ३८७४२१.४४ | नदि नियन्त्रण | |
| १४ | कार्यालय | नगरपालिका, नगर अस्पतालमा | ४०७६१०.३८ | निर्मित सम्पत्तीको सम्भार | |

| क्र.स. | माग गर्ने संस्था / निकाय/ व्यक्ति | विषय | पालिकाबाट प्रदान गरेको / गरिने रकम रु. | खर्च शीर्षक (नगर विकास योजना) | कैफियत |
|---|---|---|---|---|---|
| | | आल्मुनीयम लगायतका कार्य | | | |

निर्णय नं. १३. स्थानीय तह सेनिटरी प्याड व्यवस्थापन समितिमा सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा १४ बमोजिम र समितिको पूर्णताका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन मापदण्ड, २०७५ को दफा बमोजिम बेरोजगार व्यक्ति सूचिकृत सूचना प्रकासन गरी रितपूर्वक प्राप्त भएको निवेदन रोजगार व्यवस्थापन सूचना प्रणालिमा व्यवस्थापन अध्यावधिक गरी सोही मापदण्डको दफा २१ को उपदफा ४ बमोजिम सार्वजनिक गर्नका लागि कार्यपालिका समितिको पूर्णता ।

देहाय

| क्र.स. | समितिको नाम | आवश्यक पदाधिकारी | पद | नाम |
|---|---|---|---|---|
| १. | स्थानीय तह सेनिटरी प्याड व्यवस्थापन समिति | कार्यपालिकाका महिला सदस्यहरू मध्ये कार्यपालिकाले तोकेको एक जना | सदस्य | श्री भिम कुमारी गुरूङ |
| २. | स्थानीय निर्देशक समिति (प्रधानमन्त्री रोजगार कार्यक्रम) | नगर कार्यपालिकाको प्रमुखले वडाध्यक्ष २ जना | सदस्य | श्री मणी बहादुर पुलामी मगर<br>श्री डिल्ली बहादुर कटुवाल |

निर्णय नं. १४. संघीय तथा प्रदेश सभा २०७९ को मिति २०७९/०८/०४ गते सम्पन्न भएको निर्वाचनमा निर्वाचन आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, मोरङ र निर्वाचान अधिकृतको कार्यालय, बेलबारीको अनुरोध र आग्रहमा निर्वाचन व्यवस्थापनका लागि भएको देहाय बमोजिमको खर्च स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

| क्र.स. | खर्च भएको शिर्षक | खर्च रकम | खर्च व्यहोर्ने शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | कार्पेट, बाँस व्यवस्थापन | ५५,०००/- | विपद व्यवस्थापन बाट | निर्वाचनका बुथ जान/आउन सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम विषेश परिस्थिती अन्तर्गतको खरिद |
| २. | म्याट व्यवस्थापन / प्लाई/ किल्ला काँटी व्यवस्थापन | ६०,०००/- | | |
| ३. | तार जाली व्यवस्थापन | १७,०००/- | | |
| ४. | विद्युत/लाईट व्यवस्थापन | ४२,०००/- | | |
| ५. | जेनेरेटर, साउण्ड सिष्टम व्यवस्थापन | २०,०००/- | | |
| ६. | विभिन्न सडक मर्मत सम्हार व्यवस्थापन | ५,८५,०००/- | | |

निर्णय नं. १५. राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका देहाय बमोजिमका विद्यालयहरूमा देहाय बमोजिम कार्यक्रम सञ्चालन गर्न खरिद प्रकृया अघी बढाउन निर्देशन दिने निर्णय गरियो ।

देहाय

| क्र.स. | कार्यक्रम स्वीकृत विद्यालयको नाम | छनौट भएको योजनाको नाम | संचालन प्रकृया | प्राप्त अनुदान रकम रू | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री भगवती माध्यमिक विद्यालय बेलबारी ३ | २ कोठे भवन | विद्यालयले सम्पूर्ण कार्य विभागिय नम्स अनुसार पूरा गर्ने गरी आयोजना संचालन गर्ने हुँदा सो का लागि कानुन बमोजिम खर्च गर्ने गरी अनुदान उपलब्ध गराउने । | २२,५०,००० /- | |
| २ | श्री कवीर माध्यमिक विद्यालय बेलबारी २ | ४ कोठे भवन | श्री कवीर माध्यमिक विद्यालय बेलबारी २, श्री विरेन्द्र माध्यमिक विद्यालय बेलबारी ६ र श्री महेन्द्र माध्यमिक विद्यालय, बेलबारी १० को चलानी नं. क्रमस ५७, ५३०, र ३७ बमोजिम बेलबारी नगरपालिकाले विद्युतिय माध्यमबाट सूचना प्रकासन गरी सम्झौता सम्मका प्रकृया पुरा गरी प्राप्त अनुदान रकम र फाईल विद्यालयमा पठाउने । रकम नपुग हुने भएमा आगामी आ.व.मा नगरपालिकाले व्हयोर्ने गरी व्यवस्थापन गर्ने र प्राप्त रकम भन्दा न्यून रकममा ठेक्का सम्झौता भएमा सोही बमोजिमको रकम विद्यालयलाई पठाउने, यसरी कार्य गर्दा गुणस्तर र परिमाणको सुनिश्चितता गर्ने कार्य सम्बन्धित विद्यालयको हुने । | ४०,००,००० /- | Technical Audit बाट विद्यमान संरचना पुरानो भएको तर काम चल्ल सक्ने व्यवस्थित नयाँ भवन बनाउँदा जिम्मेवार तहबाट निर्णय गरी कर्य गर्न सकिने राय प्राप्त भएको हुँदा पुरानो भवनको स्थानमा नयाँ भवन बनाउने । |
| ३ | श्री विरेन्द्र माध्यमिक विद्यालय बेलबारी ६ | २ कोठे भवन | | २२,५०,०००/- | साविकमा निर्माण भएको भवनमा तल्ला थप गर्न प्राविधिक रूपमा उपयुक्त देखिएमा तल्ला थप गर्ने अन्यथा पुरानो भवन भत्काई नयाँ भवन बनाउने |
| ४ | श्री महेन्द्र माध्यमिक विद्यालय, बेलबारी १० | २ कोठे भवन | | २२,५०,००० /- | Technical Audit बाट विद्यमान संरचना पुरानो भएको तर काम चल्ल सक्ने व्यवस्थित नयाँ भवन बनाउँदा जिम्मेवार तहबाट निर्णय गरी कर्य गर्न सकिने राय प्राप्त भएको हुँदा पुरानो भवनको स्थानमा नयाँ भवन बनाउने । |

<u>निर्णय नं. १६.</u> बेलबारी नगरपालिका वडा नं. ९ मा अवस्थित श्री जनता माध्यमिक विद्यालयमा नवनिर्मित भवनको समुद्घाटन तथा संस्थापक अध्यक्ष स्व दुखिलाल चौधरीको सालिक अनावरण माहामहिम राष्ट्रपती श्रीमती विद्यादेवी भण्डारीज्यूको बाट गर्ने गरी कार्यक्रम तय गरी सो मा लाग्ने आवश्यक रकम सम्बन्धित विद्यालयका नाममा अनुदानको रूपमा उपलब्ध गराउन नगर प्रमुख स्तरीय मिति २०७९।०८।२५ गते निर्णय भए अनुसार मिति २०७९।०८।२९ मा सम्माननिय राष्ट्रपतीज्यूबाट उल्लेखित कार्यक्रम सुसम्पन्न भएको । उक्त कार्यक्रमका लागि मिति २०७९।०८।२५ गतेको नगर प्रमुख स्तरीय निर्णय अनुसार १० ओटा भिन्न भिन्न शिर्षकमा कार्यगर्ने गरी रकम रू ११,२०,०००/- अक्षरेपी एघार लाख बीस हजार अनुदानका रूपमा सम्बन्धित विद्यालयको नाममा अनुदान निकासा भएको । विद्यालय व्यवस्थापन

समितिको २०७९।०९।१४ गतेको निर्णयानुसार कुल १३,३१,६२६।४० अक्षरेपी तेह्र लाख एकतिस हजार छ सय छब्बिस रूपैया चालिस पैसा मात्र खर्च भएको हुँदा बाँकी रकम रू २,११,६२६।४० अक्षरेपी दुई लाख एघार हजार छ सय छब्बिस रूपैया चालिस पैसा मात्र थप रकम माग भएको रकम थप गरिदिन विद्यालयको मिति २०७९।०९।१७ गतेको पत्रबाट माग भएको र सो सम्बन्धमा छलफल गर्दा देहाय बमोजिमको गर्ने गराउने गरी कार्य गर्न कार्यलयलाई निर्देशन दिने निर्णय गरियो ।

देहाय

१. रकम रू ११,२०,०००/- अनुदानको रूपमा उपलब्ध गराईएकोमा बाँकी रकम रू २,११,६२६।४० थप रकम समेत अनुदानको रूपमा उपलब्ध गराउने ।
२. प्राविधिक लागत अनुमान गराई भएका कामको मूल्याङ्कन प्रतिवेदन पेस गर्न लगाउने ।
३. कार्यक्रमको भिडियो/फोटोहरू पेस गर्न लगाउने ।
४. प्रचलित कानुन बमोजिम करकट्टी गरी भुक्तानी गर्न गराउन विद्यालयलाई जानकारी गराउने ।
५. रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गर्न विद्यालयलाई जानकारी गराउने ।
६. नगर उपप्रमुख स्तरीय अनुगमन समितिको निर्णय गराउने ।
७. आम्दानी, खर्च र कार्यक्रम सम्बन्धि प्रतिवेदन विद्यालयले तयार गरी कार्यसम्पन्न प्रतिवेदनको रूपमा व्यवस्थापन समितिबाट निर्णय गराई पेस गर्ने ।

निर्णय नं. १७. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नजिता सम्बन्धमा छलफल भयो । सो नजिताका लागि जिल्ला समन्वय समितिमा पृष्ठपोषणका लागि पेस गर्ने निर्णय गरियो ।

निर्णय नं. १८. बेलबारी नगरपालिकाको प्रशासनिक भवन आ.व. २०७५ कार्तिक २७ गते श्री स्वामिनाराषण एचएम जेभी, काठमान्डौं सँग रकम रू. ३,००,२८,६९२.६० अक्षरेपी तीन करोड अठ्ठाईस हजार छ सय बयानब्बे रूपैया साठ्ठी पैसा (भ्याट र पिएस सहित) रकममा सम्झौता भई ८५,३७,६५५.९८ अक्षरेपी पचासी लाख सैतिस हजार छ सय पच्चपन्न रूपैया अन्ठानब्बे पैसा समेत जम्मा भेरिएसन भई रकम रू. २,९६,६१,३६२.८५ अक्षरेपी दुई करोड छयान्बे लाख एकसठ्ठी हजार तीन सय बैसठ्ठी रूपैया पचासी पैसा मात्र भुक्तानी भएको । उक्त जेभीले नगरपालिकाको प्रशासनिक भवनको कार्य सम्पन्न गरी अन्तिम भूक्तानी र हस्तान्तरणका लागि निवेदन पेस गरेकोमा कार्य स्वीकार गरी हस्तान्तरण लिई उक्त जेभीलाई रकम रु ५०,१८,७९०.९० अक्षरेपी पचास लाख अठार हजार सात सय नब्बे रूपैया नब्बे पैसा मात्र अन्तिम भुक्तान दिने निर्णय स्वीकृत/अनुमोदन गरियो । कार्य स्वीकार मिति २०७९/०८/२० र त्रुटी सच्याउन समय अवधि मिति २०८०/१०/२० सम्म रहेको विषयमा भई सोलाई स्वीकृत गरियो ।

निर्णय नं. १९. आ.व. २०७८/७९ मा संघीय सरकार समक्ष समपुरक अनुदानका लागि बेलबारी नगरपालिका क्षेत्र भित्र Cold Storage निर्माणका लागि पेस गरिएको प्रस्ताब स्वीकृत भई उक्त कार्यका लागि रकम समेत विनियोजन भएको । बेलबारी नगरपालिका वडा नं. ५ मा रहेको श्री धनमाल माध्यमिक विद्यालयले व्यवस्थापन समितिको निर्णय गरी उक्त प्रयोजनका लागि जग्गा उपलब्ध गराउने निर्णय गरेको आधारमा बेलबारी नगरपालिकाबाट मिति २०७९/०३/०७ मा ठेक्का वन्दोबस्तीका लागि सूचना प्रकासन गरी श्री अग्रिम पिपी जेभी, काठमान्डौंले रकम रू ४,८१,४६,००५.९४ (भ्याट र पिएस सहित) अक्षरेपी चार करोड एकासी लाख छयालिस हजार पाँच रूपैया चौरानब्बे पैसा मात्र मा ठेक्का सदर गरी कार्यदेश दिईएको । मिति २०७९।०९।२४ गते श्री धनपाल माध्यमिक विद्यालयलाई जग्गा व्यवस्थापनका लागि सम्झौताका विषय सन्दर्भ उल्लेख गरी तीन दिन भित्र पत्रचारका लागि पुनः पत्र प्रेसित गरिएको । उक्त विद्यालयबाट सम्झौताका लागि सहमती भई पत्र प्राप्त भएमा विद्यालयसँग सम्झौता गरी कार्य अघी बढाउने अन्यथा वैकल्पिक प्रवन्ध गरी Cold Storage निर्माण गर्न कार्यलयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २०. उच्च अदालत, विराटनगरबाट मुद्दा नं. 078-WO-0445 मिति २०७९/०३/२३ मा नगरपालिकाको नाममा श्री जयभैरवी कन्सष्ट्रक्सन बेलबारी २ लाई मौज्दात गरी राखेको सामान्य निर्माणमुखी नदिजन्य पदार्थको "निर्धारित परिमाणमा नबढ्ने गरी नदिजन्य पदार्थको विक्री वितरणका लागि निकासा गर्न दिनु, निकास गर्न नरोक्नु" भन्ने आदेश जारी भई पत्र प्राप्त भएको । मिति २०७९/०९/०६ गते नगर उपप्रमुख तथा ईलाका प्रहरी कार्यालय बेलबारीका प्रमुख लगायतको संयुक्त अनुगमनका टोलीद्वारा विभिन्न स्थानहरूमा अनुगमनको क्रममा मौज्दात गरी राखिएको सामान्य निर्माणमुखी नदिजन्य

पदार्थहरू निकासी व्यवस्थित र अदालतको आदेश बमोजिम भए नभएको एकिन हुन नसकेको भनी प्रतिवेदन प्राप्त भए पश्चात मिति २०७९।०९।१२ गते अभिलेख सम्बन्धि विवरण पेस गर्न र सो अवधि सम्मका लागि मौज्दातबाट निकासा नगर्न पत्रचार गरिएको साथै मिति २०७९।०९।१३ गते बेतना दैनिक समेतमा नदिजन्य पदार्थको भण्डारण, अभिलेखिकरण सम्बन्धी सार्वजनिक सूचना प्रकासन गरी तोकिएको अवधि भित्र प्राप्त निवेदन र नदीजन्य पदार्थ मौज्दात गरी राखिएको तथा आवेदन नगरिएको समेतको विषयलाई स्थलगत रुपमा प्राविधिक टोलीद्वारा निरीक्षण / अनुगमन गरी माथवर नागरिकको उपस्थितीमा मौज्दात सम्बन्धि परिमाण एकिन गर्नका लागि समिति बनाई पठाईएको छ । उक्त समितिको प्रतिवेदन बमोजिमका आधारमा मौज्दात सम्बन्धमा देहाय बमोजिम गर्न/गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

<u>देहाय</u>

क. जय भैरवी कन्ष्ट्रक्सन, बेलबारीले स्वीकृत परिमाण भित्र मौज्दात गरी राखेको भए उच्च अदालतको आदेशको सम्मान गर्दै निकासी गर्न सहयोग गर्ने ।

ख. अन्यका हकमा मौज्दात प्रमाणित गरी/नगरी गत आ.व. वा विगत आ.व. देखि राखिएको मौज्दातको सम्बन्धमा आफ्नो हो भनि हकदावी गर्ने व्यक्ती/संस्था भएमा सावित नगरसभाले मौज्दात प्रमाणितका लागि तोकेको दरको अतिरिक्त विक्री तथा निकासी दस्तुर र सो मा लाग्ने मु.अ.कर समेत जोडी असुल गर्न नगरसभामा आर्थिक ऐन २०७९ प्रथम सम्सोधन विधेयक रूपमा लैजाने ।

<u>निर्णय नं. २१.</u> संघीय सरकारबाट जारी भएको गरिव घर पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५ बमोजिम यस पालिकाको घरधुरी संर्वेक्षण तथा तथ्याङ्क संकलन हुँदा १८३०६ परिवार संख्या रहेको देखिन्छ । उक्त तथ्याङ्क संङ्कलनकर्ताहरूलाई हाल सम्मको भुक्तानी दिन बाँकी रकम रू ३,०५,६६७/- अक्षरेपी तीन लाख पाँच हजार छ सय सड्सठ्ठी रूपैया मात्र चालु खर्चको शिर्षक नं. २१११४ बाट भुक्तानी दिने निर्णय गरियो ।

<u>निर्णय नं. २२.</u> राष्ट्रिय भुमी आयोग मार्फत संचालित भुमीहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको तलत संकलनका सम्बन्धि कार्यविधि २०७८ को दफा १३ बमोजिम नापजाँप तयारी तथा दफा १५ बमोजिम भूमीको नापजाँप कार्य सम्पादन गर्न गराउन हालसम्म दर्ता भएका भुमीहिन दलित, सुकुम्बासीको १३२ विघा १५ कठ्ठा ५.५ धुर र अव्यवस्थित बसोबासीको ५१९ विघा ७ कठ्ठा १४ धुर गरी जम्मा जग्गा ६५२ विघा २ कठ्ठा १९ धुर बराबरको क्षेत्रफल नापजाँच गर्नका लागि विभिन्न स्थानमा कन्ट्रोल पईन्टको स्थापना लगायत एक टोली फिल्ड कर्मचारीहरू खटनपटन गर्दा अनुमानित छ महिनाका लागि ६,८२,१५०/- अक्षपेरी छ लाख बयासी हजार एक सय पचास रूपैया मात्र चालु खर्चको शिर्षक नं. २१११४ बाट भुक्तानी दिने निर्णय गरियो ।

<u>निर्णय नं. २३.</u> मिति २०७९।०८।११ गतेको कार्यपालिकाको निर्णय नं. १६ बमोजिम बेलबारी क्रिकेट क्लबलाई रकम प्रथम बेलबारी प्रिमियर लिग २०७९ संचालन सहयोग वापत रकम रू १,५०,०००/- अक्षरेपी एक लाख पचास हजार मात्र विनियोजन भएकोमा मिति २०७९/०८/१२ गते उक्त रकम अपुग भएको भनि थप रकम विनियोजन गरिदिन निवेदन प्राप्त भएको । नगर प्रमुख तथा नगर उपप्रमुर स्तरीय निर्णय भई बेलबारी क्रिकेट क्लबलाई थप रकम रू १,५०,०००/- अक्षरेपी एक लाख पचास हजार मात्र विनियोजन गरी कुल रकम रू ३,००,०००/- अक्षरेपी तीन लाख मात्र भुक्तानी गर्ने निर्णय भएकोमा उक्त निर्णय स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २४.</u> कानुन बमोजिम रित पुर्याई नगरपालिमा आवेदन गरेको सम्बन्धमा सम्बन्धित शाखाले जाँच गरी स्वीकृती/दर्ताका लागि पेस भए बमोजिम देहाय बमोजिमका संस्था दर्ता गर्न सम्बन्धित शाखालाई निर्देश गर्ने निर्णय गरियो ।

| क्र.सं. | संस्थाको नाम | ठेगाना | कार्यालय रहने स्थान | अध्यक्षको नाम तथा पदाधिकारीहरुको संख्या |
|---|---|---|---|---|
| १ | परिवर्तन महिला नेपाल | बेलबारी-१ | बेलबारी-१ | सुष्मा खड्का, संख्या ११ जना |
| २ | सहकारी कर्मचारी संगठन | बेलबारी-३ | बेलबारी-३ | तारा बहादुर राई, सख्या ११ जना |

<u>निर्णय नं. २५.</u> राष्ट्रिय परिचयपत्र संकलनका लागि जिल्ला प्रशासन कार्यालयबाट चलानी नं. ४२६२ मिति २०७९।०८।२८ गतेको पत्रानुसार मिति २०७९।०९।०२ गतेदेखे राष्ट्रिय परिचपत्रको विवरण संकलनका लागि जम्मा २५ जना दर्ता अपरेटर

बेलबारी नगरपालिकाको ११ वटा वडामा खटाईएको । खटिएका कर्मचारीहरूलाई कार्यलय समय भन्दा अघी र पछी कामकाजमा लगाउँदा छिटो कार्य सम्पदान हुने भएको हुँदा एक महिना सम्मका लागि देहायका वडामा देहाय संख्याका कर्मचारीहरूलाई खाना/बस्न बापत देहायको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

देहाय

| क्र.स. | वडा नं. | दर्ता अपरेटर संख्या | उपलब्ध गराउने दैनिक रकम | कैफियत |
|---|---|---|---|---|
| १. | १ | २ | जनहि रू ५००/- | |
| २. | २ | २ | जनहि रू ५००/- | |
| ३. | ३ | २ | जनहि रू ५००/- | |
| ४. | ४ | ३ | जनहि रू ५००/- | |
| ५. | ५ | २ | जनहि रू ५००/- | |
| ६. | ६ | २ | जनहि रू ५००/- | |
| ७. | ७ | २ | जनहि रू ५००/- | |
| ८. | ८ | ३ | जनहि रू ५००/- | |
| ९. | ९ | ३ | जनहि रू ५००/- | |
| १०. | १० | २ | जनहि रू ५००/- | |
| ११. | ११ | २ | जनहि रू ५००/- | |

निर्णय नं. २६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरी स्वीकृत गरेको स्थानीय तह प्रोफायल प्रणाली र प्रश्नावलीका आधारमा यस पालिकाले बेलबारी बहुमुखी क्याम्पसमा अध्ययनरत छात्रा/छात्राहरूबाट तथ्याङ्कन संकलन गर्ने गरी निर्णय गरी क्याम्पसमा पठाएको र क्याम्पसबाट प्राप्त नामावलीको आधारमा आधारभूत तालिम प्रदान गरी सूचना प्रविधि अधिकृतको संयोजन तथा समन्वयमा प्रत्येक विद्यार्थीको क्षेत्र तोकी जनप्रतिनिधिको रोहवरमा तथ्याङ्कन संकलन गर्ने गरी जिम्मेवारी प्रदान गरिएको । सो कार्यका लागि प्रतिघर धूरी रू ४०/- अक्षरेपी चालिस रूपैया मात्र प्रदान गर्ने निर्णय भएता पनि तथ्याङ्कन संकलनका लागि लाग्ने समय, दुरी, संयोजन र संचारका लागि लाग्ने खर्च समेतलाई मध्यनजर गरी देहाय बमोजिमको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

देहाय

| क्र.स. | संख्या | उपलब्ध गराउने प्रति घर तथ्याङ्क संकलन वापतको रकम रू | यातायात खर्च वापत एकमुष्ट रकम रू | ईन्टरनेट खर्च वापत एकमुष्ट रकम रू | कैफियत |
|---|---|---|---|---|---|
| १. | ६५ | ७०/- (कर सहित) | ३,०००/- | १,०००/- | वडाध्यक्षले समन्वय गरी जनप्रतिनिधहरूलाई परिचालन गर्ने |

निर्णय नं. २७. कोभिडबाट मृत्यु भएका बेलबारी नगरपालिका वडा नं. ११ बस्ने शुरेन तामाङलाई सहयोग रकम रू ५०,०००/- अक्षरेपी पचास हजार मात्र विपद व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २८. विषेशज्ञ सेवा सञ्चालनका लागि श्री विराटनगर अस्पताल प्रा.लि. विराट मेडिकल कलेजसँग देहायका विषयमा सम्झौता गरी प्रत्येक हप्ता विषेशज्ञ सेवा सञ्चालन गर्ने सम्झौता भएको व्यहोरा स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

| क्र.स. | विषय क्षेत्र | सेवा विवरण | सेवा प्रदान गर्ने दिन | समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | स्त्री रोग सम्बन्धी | स्त्री रोग विशेषज्ञ | प्रत्येक हप्ताको सोमबार | विहान ११ बजेदेखि दिनको ३ बजे सम्म | |
| २. | बालबालिका सम्बन्धी | बालरोग विषेशज्ञ | प्रत्येक हप्ताको बिहिबार | विहान ११ बजेदेखि दिनको ३ बजे सम्म | |

| क.स. | विषय क्षेत्र | सेवा विवरण | सेवा प्रदान गर्ने दिन | समय | कैफियत |
|---|---|---|---|---|---|
| ३. | मेडिसिन सम्बन्धी | फिजिसियन सेवा | प्रत्येक हप्ताको विहिवार | विहान ११ बजेदेखि दिनको ३ बजे सम्म | |
| ४. | रेडियोलोजिष्ट सम्बन्धी | भिडियो एक्स -रे | प्रत्येक हप्ताको सोमबार र विहिवार | विहान ११ बजेदेखि दिनको ३ बजे सम्म | |

निर्णय नं. २९. नगर अस्पताल जाने सिसौली मार्गबाट नगर अस्पताल जोड्ने नयाँ सडक निर्माणका लागि देहायका व्यक्तीहरूले स्वामित्वमा रहेको जग्गा सडक निर्माणका लागि २० फिट निशूल्क रूपमा उपलब्ध गराउने गरी नगर प्रमुख/उपप्रमुखज्यूसँग प्रतिवद्धता गरेको । उक्त सडक निर्माण पश्चात बेलबारी नगर अस्पताल पहुँच मार्ग सहज र सरल हुने भएकाले सडक निर्माणको कार्य नगरपालिकाले देहाय बमोजिम गर्ने निर्णय गरियो ।

देहाय

क. जग्गा सम्बन्धि विवरण

| क.स. | जग्गा दाताको नाम | कित्ता नं. | दिसा |
|---|---|---|---|
| १ | सौलेन्द्र बहादुर सिंह खत्री | कसेनी १ ग ५८ हाल कित्ता नं. २१३५ | दक्षित तर्फको दश फिट |
| २ | उत्तरादेवी सुवेदी | कसेनी १ ग ९६२ | उत्तर तर्फको दश फिट |

ख. सडक निर्माण सम्बन्धि

१. अमानतबाट निर्माण गर्ने,
२. सामाग्रीहरूको रकम सम्बन्धित पार्टीलाई भुक्तानी गर्ने
३. दक्ष/अदक्ष मजदुरको ज्याला सम्बन्धित मजदुरलाई भुक्तानी दिने ।

निर्णय नं. ३०. आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०७७/७८ सम्म महालेखा परीक्षणको कार्यालयबाट अन्तिम लेखा परीक्षण हुँदा ठहरिएको बेरूजुका सम्बन्धमा दफावार छलफलहुँदा देहाय बमोजिमका बेरूजुहरू समपरीक्षणका लागि सिफारिस गर्न मिति २०७९/०९/२८ गतेको १२ औं नगरसभामा पेस गर्ने निर्णय गरियो ।

आर्थिक वर्षः २०७४/७५

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| १. | १२ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघिय कानून बमोजिम तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलव स्केल प्रदेश सरकारले तोके बमोजिम हुने र त्यसैगरी प्रदेश सरकारले तोके बमोजिम हुने व्यवस्था छ । नगरपालिकामा कार्यरत कर्मचारीले मासिक तलवमा थप भत्ता २८ प्रतिशतका दरले भुक्तानी गर्ने गरेको पाइएकोले उक्त सुविधा संघिय कानूनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएकोले मिति २०७४।०४।०१ देखि २०७५।०३।३२ सम्मका रु.४०६१६७८.७९ खर्च लेखेको नियम सम्मत पाईएन । | ४०६१६७८।७९ | स्थानीय सरकारको रूपमा कार्यसम्पदान प्रारम्भ भई निर्वचित जनप्रतिनिधिहरू प्रथम कार्यकाल सुरू भएको । स्थानीय सरकारलाई संविधान एवं स्थानीय सरकार संचालन ऐन बमोजिम सम्पादन गर्नुपर्ने कार्यहरू सम्पादन गर्न जनशक्ति आवश्कता पर्ने र कर्मचारी समायोजन भई दक्ष जनशक्ति आई नसकेको र स्थानीय सरकारले संगठन तथा सर्वेक्षण व्यवस्थापन गरी दरबन्दी समेत यकिन गरि नसकेको हुँदा सिमित कर्मचारीबाट स्थानीय सरकारको काम कार्यालय समयमा गर्न नसकिने अवस्था भएको हुँदा कार्यालय समय अघी पछी र सार्वजनिक विदाको दिन समेत कार्य गर्नुपर्ने भएको हुँदा कर्मचारीको उत्तप्रेरणका लागि कार्यपालिकाको निर्णयको आधारमा कर्मचारीलाई आन्तरिक स्रोतबाट व्ययभार हुने गरी प्रोत्साहन भत्ता उपलब्ध गराईएको । प्रोत्साहन भत्ता उपलब्ध गराईएको । जसले गर्दा स्थानीय सरकारको सुरूवाती चरणमा स्थानीय सार्वजनिक सेवा प्रवाह गर्न सहज र सरल भएको हुँदा देहायका प्रमाणका आधारमा रु.४०६१६७८.७९ नियमित गर्न पेस गर्ने ।<br>देहाय<br>१. मिति २०७४/०९/२६ को कार्यपालिकाको निर्णय नं. ८ | ४०६१६७८।७९ |

| क.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| २. | १४ | **भेरियसनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ (१) मा खरिद संम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती संझौता कार्यान्वयनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरियसन आदेश जारी गर्न सक्ने उल्लेख छ । नगरपालिका भवन निर्माण गर्न गौरी पार्वती जोया एण्ड कन्स्ट्रक्सनसँग लागत अनुमानको १२.७० प्रतिशत घटि १२०१९८२३।५६ मा २०७३ पौष १५ मा संझौता भएको पाइयो । कार्यालय भवनको लागतमा स्यानिटरी को काम छुट भएको उल्लेख गरी पालिकाको २०७५।०१।१५ को निर्णयबाट संझौताको १३.२९ प्रतिशत रु.१५९७२९९।५१ भेरियसन स्वीकृत गरी थप कामको कार्यादेश दिई थप काम समेतको रु.१३६०९०३१।३४ भुक्तानी भएको छ । सेनिटेशनको काम लागत अनुमानको दररेटमा गराएको छ । शुरु संम्झौता लागतको १२.७० प्रतिशत घटिमा काम भएकोमा थप कामको लागत अनुमन दर बराबर भुक्तानी भएको कारणबाट थप कामको रु.१५९७२९९।५१ को घटि १२.७० प्रतिशत रु.२०२८५७।०३ बढी व्ययभार परेको छ । साझै पूर्वानुमान गर्न सकिने कामको समेत भेरियसन गरेको पाइएकोले कानून सम्वत नदेखिएको रु. | १५९७२९९।५१ | नगरपालिका भवन निर्माणको कार्यको ठेक्का बन्दोवस्त गर्दाका बखत स्वीकृत लागत अनुमानमा सेनिटरी आईटम भुलवश छुट हून गएको र भवनमा सेनिटरी आईटम जडान नगरि भवनको कार्य सम्पन्न हून सक्ने अवस्था समेत नरहेको अवस्थामा कार्यालयबाट नियमसंगत ढंगबाट भेरिएसन आदेश स्वीकृत गरि भुक्तानी गरिएको, ठेक्का बन्दोवस्त गर्दाका बखत १२.७० प्रतिशत घटीको कवोल अंक र १३.२९ प्रतिशत भेरिएसनको अंक संयोग मात्र हून गएको, विनियोजित बजेटका आधारमा लागत अनूमान तयार गर्दा स्यानिटरी आईटम छूट हून गएको र सेनिटरी आईटम विना भवना अपुरो हुने हुँदा स्थानीय सार्वजनिक सेवा प्रवाह गर्ने अत्यावश्क स्थल भवन निर्माण गर्ने नेपाल सरकारको प्राथमिकताका आधारमा भेरिएसन गरी कार्यसम्पन्न गरिएकोले नियमित गरी देहायका कागजातको आधारमा समपरीक्षणका लागि पेस गर्नुपर्ने ।<br><br>देहाय<br><br>१. भेरिएसन आदेश<br>२. विड कागजात<br>३. भवनमा सेनिटरी आईटम जडा भएको तस्विर<br>४. कार्यस्वीकार प्रतिवेदन | १५९७२९९।५१ |

| क.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| ३. | १७ | उपभोक्ता समिति मार्फत खरिद कार्यः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता, र द्रिगोपन अभिवृद्धि हुने वा रोजगारी सृजना गर्ने कार्य गराउन सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत निम्नानुसार रु.१६२३५५७।५१ को विद्युत पोल, ह्यूमपाइप र तारजाली खरिद गर्ने कार्य गराएको पाइयो । उक्त निर्माण कार्य नभएको साथै सामानको ल्याव टेष्टको प्रमाण वेगर खरिद भएकोले गुणस्तरमा समेत विश्वस्त हुन सक्ने अवस्था छैन । उक्त सामानको कार्यालयले जिन्सी आम्दानी समेत नगरेको कारणबाट उक्त निर्माण सामाग्रीको सही उपयोग नहुन सक्ने अवस्था भएकोले निर्माण सामग्री खरिद वापत भुक्तानी कानूनसम्मत नदेखिएको रु. | १६२३५५७।५१ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता, र दिगोपन अभिवृद्धि हुने वा रोजगारी सृजना गर्ने कार्य गराउन सकिने ब्यवस्था भएकोमा उपभोक्ता समिति मार्फत संचालन भएका उपरोक्त बमोजिमका विद्युत पोल, ह्यूमपाइप र तारजाली खरीद तथा जडानका योजनाहरुमा सम्बन्धित उपभोक्ता समितिहरुको लागत सहभागिता समेतका आधारमा योजना संचालन गर्दा स्थानीय सरकारको लागत साझेदारी गरेको स्थानीय नागरिकले अपनत्व समेत बोध गर्ने भएकाले उल्लेखित बेरूजु देहायका कागजातको आधारमा नियमित गरी देहायका कागजातको आधारमा समपरीक्षणका लागि पेस गर्नुपर्ने ।<br><br>देहाय<br><br>१. सम्झौताको प्रति | १६२३५५७।५१ |

आर्थिक वर्ष २०७५/७६

| क.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| १. | २८ | **कर्मचारी प्रोत्साहनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवा शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघिय कानुन वमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलव स्केल प्रदेश सरकाले तोके वमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके वमोजिम हुने व्यवस्था छ । नगरपालिकाले नगर कार्यपालिकाको निर्णयानुसार नगरपालिकामा कार्यरत विभिन्न कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप देहायका शिर्षक अन्तगर्त दोहरो तेहरो हुने गरी कुल रु. ८३,४५,५९८/- वित्तिय समानिकरण चालु अनुदान शिर्षकबाट भुक्तानी भएको देखियो । उक्त सुविधा संघिय कानुनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएकोले प्रोत्साहन स्वरुप लेखिएको खर्च अनियमित देखिएको । | ८३४५५९८।०० | स्थानीय सरकारको रूपमा कार्यसम्पदान प्रारम्भ भई निर्वचित जनप्रतिनिधिहरू प्रथम कार्यकाल सुरू भएको । स्थानीय सरकारलाई संविधान एवं स्थानीय सरकार संचालन ऐन बमोजिम सम्पादन गर्नुपर्ने कार्यहरू सम्पादन गर्न जनशक्ति आवश्कता पर्ने र कर्मचारी समायोजन भई दक्ष जनशक्ति आई नसकेको र स्थानीय सरकारले संगठन तथा सर्वेक्षण व्यवस्थापन गरी दरबन्दी समेत यकिन गरि नसकेको हुँदा सिमित कर्मचारीबाट स्थानीय सरकारको काम कार्यालय समयमा गर्न नसकिने अवस्था भएको हुँदा कार्यालय समय अघी पछी र सार्वजनिक विदाको दिन समेत कार्य गर्नुपर्ने भएको हुँदा कर्मचारीको उत्तप्रेरणका लागि कार्यपालिकाको निर्णयको गरी प्रोत्साहन भत्ता उपलब्ध गराईएको । प्रोत्साहन भत्ता उपलब्ध गराईएको । जसले गर्दा स्थानीय सरकारको सुरूवाती चरणमा स्थानीय सार्वजनिक सेवा प्रवाह गर्न सहज र सरल भएको हुँदा देहायका प्रमाणका आधारमा रु.४०६१६७८.७९ नियमित गर्न पेस गर्ने ।<br><br>देहाय<br><br>१. मिति २०७४/०९/२६ को कार्यपालिकाको निर्णय नं. ८ | ८३४५५९८।०० |

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| २. | ६२ | परामर्श दातावाट कामः—सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा मात्र बाहिरी परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकावाट यस वर्ष ड योजनाहरुको विस्तृत सर्भेक्षण गराई रु. ६६,९१,०४५/- खर्च गरेको छ । कार्यालयमा इन्जिनियर लगायत अन्य कर्मचारी मौजुदा रहेको अवस्थामा उक्त योजनाहरुको विस्तृत सर्भेक्षण वाह्य परामर्शदातावाट गराउनु पर्नाको कारण उल्लेख गरेको छैन । साथै परामर्शदातावाट प्रारम्भिक प्रतिवेदन पेश भई त्यसमा भएको त्रुटी सच्याई पुनः फाईनल प्रतिवेदन पेश भएपछि उद्देश्य अनुसारको भएको यकिन गरेर मात्र सम्झौता अनुसारको विलको रकम भुक्तानी गर्नुपर्नेमा प्रारम्भिक प्रतिवेदन पेश नगरी सोझै फाइनल प्रतिवेदन प्राप्त गरी रकम भुक्तानी भएको छ । अतः प्रतिवेदन अध्ययन नगरी प्राप्त प्रतिवेदनमा त्रुटी भएमा त्यसवाट कार्यान्वयन चरणमा हुन सक्ने हानीको जिम्मेवारी कसले लिने स्पष्ट हुन सक्तैन । साथै भविस्यमा योजना कार्यान्वयन गर्दा यस्ता डकुमेण्टको आवश्यक पर्नेहुंदा सुरक्षित साथ राख्नु पर्ने मा आम्दानी गरेको छैन रु. | ६६९१०४५ | का स्थानीय सरकारले सम्पादन गर्नुपर्ने आधारभूत पूर्वाधारजन्य कार्यहरूको लागत अनुमान तर्जुमा, सुपरीवेक्षण, अनुमगन, गुणस्तर परीक्षण र संघ तथा प्रदेश सरकारसँग साझेदारी र सहकार्यमा सम्पदान गर्ने आयोजनाहरूका लागि आयोजना प्रारम्भिक छनौट लगायतको कार्य गर्नुपर्ने र सो का लागि नगरपालिकामा एक जना सिभिल ईन्जिनियर मात्र रहेको । सोही अवधिमा संघीय सरकारले सहलगानीको प्रस्ताबहरू माग गर्ने गरेको । सो का लागि विद्यमान जनशक्तिको कार्यबोझ एवं विषय विशेषज्ञताका अभाव कारण परियोजना प्रस्ताव/गुरूयोजना गर्न सम्भव नभएको र आयोजना बैंक तयार गर्ने प्रयोजनका लागि उल्लेखित कार्य नगरी नहुने भएको हुँदा परामर्शदाताबाट प्रचलित कानुन बमोजिम सेवा खरिद गरिएको ।<br>खा सुरक्षा व्यवस्थापनः कार्यालय तथा वडा कार्यालयहरूको सुरक्षा, ११ वटा हाटबजार व्यवस्थापन तथा कार्यालय समयमा सुरक्षा व्यवस्थापन गर्नका नगर प्रहरीको दरवंदी कम रहेको ।<br>गा कानुन निर्माणः कार्यालयमा कानुन अधिकृतको दरबन्दी नभएको साथै कर्मचारीहरू समेत न्युन रहेकाले कार्यालयबाटै उक्त कार्य गर्न हुन नसक्ने अवस्था रहेको ।<br>घा योजना सफ्टवेयर खरिद तथा सूचना सफ्टवेयरः कार्यालयमा सफ्टवेर विकास गर्नका लागि विभिन्न प्रकारका दक्ष प्राविधिक कर्मचारी समेत नभएको ।सफ्टवेयर विकास गर्नका लागि दक्ष कर्मचारीमात्र राख्न पनि नसकिने अवस्था रहेको ।<br><u>प्रमाण</u><br>दरवन्दी | ६६९१०४५ |

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| ३. | ७८ | नीजि क्षेत्रको कामः—आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले स्वीकृत लागत खर्चको सिमा भित्र रही कार्यक्रम सञ्चालन गरिएको र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ भन्ने कुरामा विश्वस्त हुनु पर्ने उल्लेख छ । यस कार्यालयले यो वर्ष भानु मेमोरियल इङ्गलिस स्कुल र दाहाल प्रतिष्ठान जस्ता संस्थामा रु. ४८७०५१।०० खर्च गरेको छ ।कार्यालयले नाफामुलक एवं व्यक्तिगत प्रयोजनका लागि खोलिएका यस्ता संस्थामा खर्च गरेर्को नियम सम्मत नभएको रु. | ४८७०५१।०० | कार्यालयबाट एम्बुलेन्स खरिद, सार्वजनिक सौचालय निर्माण जस्ता सामाजिक हित हूने कार्यका लागि उक्त रकम खर्च गरिएको देखिएको, व्यक्तिगत प्रयोजनमा खर्च भएको अवस्था नदेखिएको अवस्थामा उक्त खर्च नियमसंगन नै देखिएको हूंदा बेरुजु नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको ।<br>१। खर्च भरपाई | |

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| ४. | ८० | क्रमागत योजनाः 'सार्वजनिक खरिद नियमावली,२०६४को नियम ७ अनुसार सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधि सम्म सञ्चालन हुने योजनाको खरिद कार्य गर्दा खरिदको गुरुयोजना बनाउनु पर्ने उल्लेख छ । आर्थिक वर्ष २०७४/७५ मा उपभोक्त संग सम्झौता गरी सोही वर्षको असार मसान्त सम्ममा कार्य सम्पन्न गर्नु पर्ने काम निर्धारीत समयमा सम्पन्न नभएको कारण कार्यपालिकाको मिति २०७५/४/१ र को निर्णले सोही वर्षको भदौ मसान्त सम्म म्याद थप गरी गौथली चौक,त्रिवेणी चौक सडक कालोपत्रे, सुकुना सिमसार र तल्लो सुकुना पूल निर्माण, बुद्ध मार्ग त्रिवेणीपथ थापाचौक हरियाली चौक सडक कालोपत्रे र डांगीहाट वजार व्यापारीक कम्प्लेक्स भवनको काम सम्पन्न गरी यस वर्ष रु. ८०,६६,१३०।०० भूक्तानी भएको छ । अतः एक वर्ष भन्दा बढी समय लाग्ने उक्त खरिद कार्यको गुरु योजना तयार गरेको छैन । नगरपालिकाले खरिदको गुरुयोजना तयार नगरी एक वर्ष भन्दा बढी समय लाग्ने उक्त काम उपभोक्तावाट गराएको अनियमित भएको रु. | ८०,६६,१३०।०० | आ.व. २०७५।०७६ मा उपभोक्ता समिति मार्फत संचालन भएका गौथली चौक, त्रिवेणी चौक सडक कालोपत्रे, सुकुना सिमसार , तल्लो सुकुना पूल निर्माण, बुद्ध मार्ग त्रिवेणीपथ थापाचौक हरियाली चौक सडक कालोपत्रे र डांगीहाट वजार व्यापारीक कम्प्लेक्स भवनको निर्माण कार्य आ.व. २०७४/०७५ मा सञ्चालन भएको भएता पनि उक्त आ.व.मा बजेट नपुग भएको कारणले कार्य सम्पन्न हुन नसकेको अवस्थामा आ.व. २०७५।०७६ मा समेत उपरोक्त बमोजिमका योजनाहरुलाई क्रमागत रुपमा बजेट विनियोजन गरि तोकिएको म्यादको अवधीमा योजनाहरुको कार्य सम्पन्न भएको । उक्त योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गरिएको भएता पनि तोकिएको समयावधी भित्रमा सन्तोषजनक रुपमा कार्यसम्पन्न भएको अवस्थामा यसबाट कार्यालयलाई कूनै प्रकारको हानीनोक्सानी नभई नगरबासीहरुलाई सहयोग पूगेको देखिएको हूंदा उक्त बेरुजू नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको । | ८०,६६,१३०।०० |
| ५. | ९० | कार्य सम्पन्न प्रतिवेदन— सार्वजनिक खरिद ऐन, २०६४ अनुसार निर्माण कार्य सम्पन्न भैसकेपछि प्राविधिक पुष्ट्याई सहितको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।भौतिक निर्माण सुधार तर्फ विद्यालय क्षेत्र सुधार कार्यक्रमतर्फ निम्न विद्यालयलाई भुक्तानी भएको कार्यको कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्रै निर्माण सम्पन्न गरी निर्माण कार्यको सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.... | ५६८५६२४/- | देहायका विद्यालयहरूमा निर्माण कार्य सम्मन्न भई सकेको हुँदा देहायको कागजातका आधार बेरूजु नियमित गरी समपरीक्षण गर्न आवश्यक देखिएको ।<br>का लक्ष्मि मा.वि. ४ को कोठे क्रमागत<br>खा जनता मा.वि. राधानगर — २ कोठे फर्निचर सहित<br>गा देवकोटा नि.मा.वि. — २ कोठे फर्निचर सहित<br>घा धिरनाथ मा.वि. वास सुविधा सहित सौचालय<br>ङा लक्ष्मि मा.वि. ४ को कोठे क्रमागत<br>देहाय<br>१। कार्यसम्पन्न प्रतिवेदन । | ५६८५६२४/- |

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| ६. | १०१ | भ्याट रकमः नेपाल सरकार को २०७६/०७७ को वजेट भाषण अनुसार ठेक्का सम्झौताद्वारा भएको भुक्तानीमा १३ प्रतिशत मुल्य अभिवृद्धि कर रकम कार्यालयले नै कट्टी गरी आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले निम्नानुसारका भुक्तानी मा भ्याट रकम कट्टी गरेको नदेखिएकोले अनियमित देखिएको रु. | ५६९३८१।०० | आ.व. २०७५।०७६ मा १३ प्रतिशत मुअकर रकम मध्ये ६.५ प्रतिशत रकम कार्यालयबाट कट्टा गरि भूक्तानी गर्नूपर्ने व्यवस्था भएता पनि पूर्ण रुपमा कार्यान्वयन गर्न नसकिएको भएता पनि आ.व. २०७६।०७७ बाट संझौता अनुसार भुक्तानी हुने सवै कारोवारहरुको भुक्तानीमा ६.५ प्रतिशत मुअकर रकम कार्यालयबाट कट्टा गरि आन्तरिक राजश्व कार्यालमा दाखिला गर्ने ब्यवस्था मिलाईएको देखिएको हुंदा उक्त वेरुजु रकम नियमित गरि समपरिक्षण गर्न मनासिव देखि समपरिक्षण गर्न आवश्यक देखिएको । | ५६९३८१।०० |
| ७. | १०२ | बेलबारी बहुमुखी क्याम्पस र ढुकुचु चौधरी जे.भी. संग रु. ४,२५,९५,३७७.७० मा भवन निर्माण गर्ने सम्झौता भएको थियो । सम्झौता अनुसार नगरपालिकाबाट रु.१७०३८१५१।०८ दिने शर्त बमोजिम कार्यालयवाट निर्माण व्यवसायीलाई रु. ४८,१८,०००/- भुक्तानी भएको छ । भवन निर्माण गर्ने सम्झौता भए अनुसार को रकम भुक्तानी गर्ने निर्णय र कार्यालय, क्याम्पस र ढुकुचु चौधरी जे.भी. विच भएको त्रिपक्षिय सम्झौता समेत लेखापरीक्षणको समयमा पेश हुन नसकेकोले भुक्तानी भएको रकम निर्णय र सम्झौता अनुसार नै भुक्तानी भएको हो भन्ने आधार देखिएन । निजिक्षेत्रबाट संचालित प्रवधिर्त बेलवरी क्याम्पस नगरपालिकाबाट ठेक्का व्यवस्था भई भूक्तानी गरेको आधार पेश हुनु पर्ने रु. | ४८,१८,०००/- | बेलबारी बहुमुखी क्याम्पस सामुदायिक क्याम्पसको रूपमा स्थापना र व्यवस्थापन भएको । भवन निर्माणका लागि द्विपक्षी सम्झौता भई ठेक्का व्यवस्थापन भएको । सो को स्रोत व्यवस्थापनका लागि घटिमा नगरपालिकाले बहुवर्षिय रूपमा ६० प्रतिशत र बाँकी बेलबारी बहुमुखी क्याम्पसले व्यहोर्ने सम्झौता भएको हुँदा सो सम्बन्धि बेरूजु देहायका कागजातका आधतारमा नियमित गरी समपरीक्षण गराउनु पर्ने ।<br>देहाय<br>१। द्विपक्षिय सम्झौता | ४८,१८,०००/- |

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| ८. | ११९ | मूल्य अभिबृद्धि करः नगर पालिकाबाट भएको तपसिल बमोजिमको निकासी तथा विकी्र आम्दानि र विज्ञापन करको ठेक्का सम्झौता बमोजिम ठेकका रकमको १३ प्रतिशत रकम असुल गरि कार्यालयले आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नु पर्नेमा मूल्य अभिबृद्धि कर रकम कार्यालयले असुल नगरि सम्वन्धित व्यवसायी फर्मले तिर्ने व्यवस्था गरेकोमा सम्वन्धित ठेकेदारले उक्त रकम दाखिला गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा उक्त रकम जिम्मेवार कर्मचारी वाट असुल हुनु पर्ने रु. | २३३४५४ | कार्यालयबाट ढुंगा गिट्टी बालुवा खोलाजन्य उत्खनन तथा बिक्रीको आय ठेक्का बन्दोबस्त गर्दा सम्बन्धित ब्यक्ति तथा फर्महरुले ठेक्का अंकको मुल्य अभिबृद्धि कर दाखिला गर्ने गरि ठेक्का बन्दोबस्त गरिएकोमा ठेकेदारहरुले उक्त आ.व.को ठेक्काको कारोवार खुल्ने गरि आन्तरिक राजश्व कार्यालयमा मु.अ.कर दाखिला गरेको प्रमाण पेश गरेको हुंदा एउटै ठेक्काको दोहोरो मुअकर अशूली गर्न सक्ने अवस्था समेत नरहेको मुअकर समायोजन पत्रका आधारमा बेरुजु नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको ।<br>१। कार्यपालिकाको निर्णय<br>२। ठक्का बन्दोबस्ती सम्बन्धि सूचना । | २३३४५४ |
| ९. | १२१ | भाउन्ने कृतिमान सडकका पटके सवारी कर ठेकेदार श्री हेमन्त सुवेदी ले रु.२५००००। मा आर्थिक बर्ष २०७५।७६को लागि ठेक्का लिएकोमा रु. १५,२१,०००/- मात्र रकम नगरपालिको कोषमा दाखिला गरि रु. ९,७९,०००/- रकम हाल सम्म दाखिला गरेको देखिएन । ठेकका व्यवस्था गर्दा सम्वन्धित ठेकेदार संग नगद धरौटी वा बैक ग्यारेण्टी लिएर मात्र सम्झौता गर्नुपर्नेमा ग्यारेण्टी नलिइ ठेक्का सम्झौता गरेकोले उक्त रकम हाल सम्म असुल भएको नदेखिएकोले बैक ग्यारेण्टी बेगर ठेक्का सम्झौता गर्ने जिम्मेवार कर्मचारीबाट उक्त रकम हर्जाना सहित असुल हुनु पर्ने रु. | ९७९०००/- | श्री हेमन्त सुवेदीले ठेक्का विक्रम राईलाई दिएको र उक्त वेरूजु मिति २०७८/१२/ गते बेलबारी नगरपालिकको राजस्व शाखामा रकम जम्मा गरि दाखिला भएको ।<br>रकम बुझाएको रसिद थान - १ | ९७९०००/- |

<u>आर्थिक वर्षः २०७६/७७</u>

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| १. | २ | **बैंक मौज्दात र बैंक नगदी खातामा फरक:** निम्न बैंक खाताहरु र बैंक नगदी किताब बीच फरक देखिएको छ। फरक रकमको हिसाव मिलान हुनुपर्ने रु | २३३९७०७४९ | संचित कोष खातामा २०७७ आषाढ मसान्तमा बैक स्टेटमेन्ट अनुसार रु.१८४५०९६७७।४९ र बैक नगदी किताबमा रु बैक मौज्दात रहेकोमा उक्त मितिमा नभजिएका चेकहरुको विवरण अनुसारको रु.१५०४१३८६३।०५ चेक भज्न बांकी रहेको र बैक नगदी किताबमा २०७७ आषाढ मसान्तमा आम्दानी बांधिएको तर उक्त मिति भन्दा पछीको मात्र रू. १४५०९२७९०।७१ बैकमा जम्मा भएको हुंदा २०७७ आषाढ मसान्तको बैक नगदी किताबको र बैक स्टेटमेन्ट अनुसारको बैक मौज्दात फरक परेका देखिएकोमा हाल उक्त खाताको हिसाव आ व २०७८/७९ को सुत्र फारम नं. २७२ मा मिलान गरि सकिएको हूंदा बेरुजु नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको । | २३३९७०७४९ |
| २. | ११ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ११ पदमा ४४ जना कर्मचारीहरु करारमा राखि रु.१७२६३६३२.८० खर्च लेखेको छ । | १०६३८६६१०० | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ (८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा करारवाट सेवा लिन सकिने व्यवस्था गरेको। ईन्जिनियर, सव ईन्जिनियर, असिस्टेन्ट सव ईन्जिनियर, अमिन, सहायक कम्प्युटर अपरेटर, कार्यालय सहयोगी र सवारी चालक पदमा स्थायी पदपुर्ति भई नआएको कारणले कार्यालयको दैनिक काम संचालन गर्न कठिनाई भएको हुंदा स्थायी पदपुर्ति भई नआए सम्मका लागि उपरोक्त बमोजिमका पदहरुमा कारार सेवाबाट पदपुर्ति गरिएको, कार्यालयको कर्मचारी दरवन्दी संरचना अनूसार स्थायी पदपूर्ति नभए सम्मका लागि कार्यालयको नियमित कार्य सूचारु गर्न प्राविधिक, कार्यालय सहयोगी, सवारीचालक, नगर प्रहरी, सहायक कम्प्युटर अपरेटर पदमा मात्र करार सेवाबाट बिगत आवहरुमा पदपुर्ति गरिएको अवस्थामा नियमसंगत रुपमा कर्मचारीको पारिश्रमिक भक्तानी गरिएको उक्त खर्च रकम नियमित गरि समपरिक्षण समपरिक्षण गर्न आवश्यक देखिएको । | १०६३८६६१०० |

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| ३. | १२ | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.१.४ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । तर नगरपालिकाले यस वर्ष कर्मचारीहरुलाई भूक्तानी भएको रकम नियमसंगत नदेखिएको रु. | १३१००८४७।०० | कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता निर्देशिका २०७६ जारी भए पश्चात कार्यसम्पादनको आधारमा निर्देशिकामा तोकिए बमोजिम कार्यसम्पदान गरी गराई सो का आधारमा प्रोत्साहन भत्ता प्रदान गरिएको हुँदा सो लाई नियमित गरी समपरीक्षणका लागि पेस गर्ने ।<br><br>देहाय<br><br>१। कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता निर्देशिका २०७६<br>२। प्रदान गरिएको गौश्वरा भौचर सम्लग्न कागजात | १३१००८४७।०० |
| ४. | २२ख | कार्यालयले यस बर्ष उल्लेखितको ठेक्का सम्झौता गर्दाकै वखतमा संझौतामा आफ्नो कबुल अङ्क रु.८११५६६६६/- को प्रचलित कानून बमोजिम बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर तथा अन्य करहरु दोस्रो पक्ष स्वयंले बुझाउनु पर्ने प्रावधान राखेको तर ठेकेदार वा कम्पनीले संझौता वमोजिमको रकम जम्मा गर्दा सोही समय र स्थानमा मूल्य अभिवृद्धि कर समेत कार्यालयले प्राप्त गर्ने गरी संझौता गरी सो रकम कार्यालयले संघीय संचित कोषमा दाखिला गर्नु पर्नेमा मूल्य अभिवृद्धि कर दायित्ववाट ठेकेदार वा कम्पनीलाई उन्मुक्ति दिनेगरी संझौता गरी मूल्य अभिवृद्धि कर असुल गरी संघीय संचित कोषमा दाखिला गराउने दायित्व कार्यालयले लिएको देखिएन। तसर्थ उक्त मुल्य अभिवृद्धि कर असुल गरी संघीय संचित कोष दाखिला १०५५०३६७/-हुनुपर्ने । | १०५५०३६७।०० | लोहन्द्रा खोलाको ढुङ्गा गिट्टी वालूवा नदीजन्य पदार्थको उत्खनन तथा बिक्रीको आ।व। २०७६।७७ को ठेक्का बन्दोवस्त सयपत्री मल्टिप्रपोज कम्पनी प्रा.लि. मोरंग संग भए अनूसार उक्त कम्पनीले संझौता अनूसार दाखिला गर्नू पर्ने ठेक्का रकम कार्यालयमा अग्रिम रुपमा एकमुष्ट बूझाएको र सयपत्री मल्टिप्रपोज प्रा.लि. मोरंगले उक्त ठेक्का र कारोवार खूल्ने गरि आ.व. २०७६।७७ को मूअकर समायोजन पत्र पेश गरेको हूंदा उक्त ठेक्का रकमको मू.अ.कर द्राखिला भएको देखिन्छ । । तर्शत देहायका आधारमा पेस गरी समपरिक्षण गर्न मनासिव देखिएको ।<br><br>१। मु.अ.कर समायोजन कर पत्र | १०५५०३६७।०० |

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| ५. | २२ग | साथै ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना प्रकाशन गर्दा बोलपत्रदाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट सुविधा दिन सकिने उल्लेख छ तर उक्त ठेकेदारले मुल्य अभिवृद्धि कर रकम नबुझाएकोले एकमुष्ट रकम बुझाएको छैन। तर कबोल अकको १० प्रतिशत रु. ८११५६६७/- छुट दिएको छ । यसरी छुट दिन सकिने प्रवधान कानुनमा उल्लेख भएको नदेखिएकोले छुट दिएको रकम असुल तथा वांडफांड गरी स्थानिय तथा प्रदेश संचित कोष खातामा दाखिला गर्नु पर्ने । | ८११५६६७/- | अन्तर स्थानीय तहको निर्णय अनुसार बेलबारी नगरपालिकाबाट लोहन्द्रा खोला र चिसांग खोलाको ढुङ्गा गिट्टी बालुवा उत्खनन तथा बिक्रीको ठेक्का ब्यवस्थापन गरिएको, कार्यपालिका बैठकको निर्णय अनुसार ठेक्का ब्यवस्थापनको सुचना प्रकाशित गर्दा कै बखत ठेक्का संझौता रकम गग्रिम रुपमा एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिने ब्यवस्था गरिएको, ठेक्का रकम एकमुष्ट अग्रिम रुपमा प्राप्त हूंदा बन्द, हड्ताल, लकडाउन, बाढी जस्ता सम्भावित जोखिमबाट हून सक्ने क्षति न्युन हूने, रकम अग्रिम रुपमा प्राप्त हूंदा कार्यालयबाट संचालित बिकास निर्माणका कार्यका लागि अग्रिम बजेट उपलब्ध भई समयमा कार्य प्रगति हूने भएको हूंदा ठेक्का बबोल अंकको १० प्रतिशतले हून आउने रकम छुट दिई ठेक्का बन्दोवस्त गरिएको अवस्थामा ठेक्क बन्दोबस्तको सुचना, नगर कार्यपालिकाको बैठकको निर्णय लगायतका आधारमा उक्त ठेक्कामा छुट दिईएको रकम नियमित गरि समपरिक्षणका लागि आवश्यक देखिएको ।<br><br>१। ठेक्का बन्दोबस्ती सम्बन्धि सूचना<br>२। कार्यपालिकाको निर्णय । | ८११५६६७/- |
| ६. | २४ | कार्यालयले यस बर्ष उल्लेखितको ठेक्का सम्झौता गर्दाकै वखतमा संझौतामा आफ्नो कबुल अङ्क रु.४३६५०००/- को प्रचलित कानून बमोजिम बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर तथा अन्य करहरु दोस्रो पक्ष स्वयंले बुझाउनु पर्ने प्रावधान राखेको तर ठेकेदार वा कम्पनीले संझौता वमोजिमको रकम जम्मा गर्दा सोही समय र स्थानमा मूल्य अभिवृद्धि कर समेत कार्यालयले प्राप्त गर्ने गरी संझौता गरी सो रकम कार्यालयले संघीय संचित कोषमा दाखिला गर्नु पर्नेमा मूल्य अभिवृद्धि कर दायित्ववाट ठेकेदार वा कम्पनीलाई उन्मुक्ति दिनेगरी संझौता गरी मूल्य अभिवृद्धि कर असुल गरी संघीय संचित कोषमा दाखिला गराउने दायित्व कार्यालयले लिएको देखिएन। तसर्थ उक्त मुल्य अभिवृद्धि कर असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने । | ५६७४५००/ | चिसांग खोलाको ढुङ्गा गिट्टी बालूवा नदीजन्य पदार्थको उत्खनन तथा बिक्रीको आ.व. २०७६।७७ को ठेक्का बन्दोवस्त कानेपोखरी बि एण्ड बि कम्पनी प्रा.लि. कानेपोखरी ५ मोरंग संग भए अनूसार उक्त कम्पनीले संझौता अनूसार दाखिला गर्नू पर्ने ठेक्का रकम कार्यालयमा अग्रिम रुपमा एकमुष्ट बूझाएको र कानेपोखरी बि एण्ड बि कम्पनी प्रा लि कानेपोखरी ५ मोरंगले उक्त ठेक्का र कारोवार खूल्ने गरि आ।व।२०७६।७७ को मूअकर समायोजन पत्र पेश गरेको हूंदा उक्त ठेक्का रकमको मूअकर दाखिला भएको देखिन्छ । वेरुजुमा उक्त ठेक्काको मूअकर अशूली गरि संघीय संचित कोषमा दाखिला गर्नू पर्ने उल्लेख भएकोमा एउटै ठेक्काको दोहोरो मूअकर अशूली गर्ने अवस्था समेत नरहेको हुंदा मुअकर समायोजन पत्रका आधारमा बेरुजु नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको ।<br><br>का कर समायोजन पत्र | ५६७४५००/ |

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| ७. | २४ | साथै ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना प्रकाशन गर्दा बोलपत्रदाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट सुविधा दिन सकिने उल्लेख छ तर उक्त ठेकेदारले मुल्य अभिवृद्धि कर रकम नबुझएकोले एकमुष्ट रकम बुझाएको छैन । तर कबोल अकको १० प्रतिशत रु. ४३६५०००/- छुट दिएको छ । यसरी छुट दिन सकिने प्रवधान कानुनमा उल्लेख भएको नदेखिएकोले छुट दिएको रकम असुल तथा वाँडफाँड गरी स्थानीय तथा प्रदेश संचित कोष खातामा दाखिला गर्नु पर्ने । | ४३६५०००/- | अन्तर स्थानीय तहको निर्णय अनुसार बेलबारी नगरपालिकाबाट लोहन्द्रा खोला र चिसांग खोलाको ढुंगा गिट्टी वालुवा उत्खनन तथा बिक्रीको ठेक्का ब्यवस्थापन गरिएको, कार्यपालिका बैठकको निर्णय अनुसार ठेक्का ब्यवस्थापनको सुचना प्रकाशित गर्दा कै बखत ठेक्का संझौता रकम गग्रिम रुपमा एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिने ब्यवस्था गरिएको, ठेक्का रकम एकमुष्ट अग्रिम रुपमा प्राप्त हूंदा बन्द, हट्ताल, लकडाउन, बाढी जस्ता सम्भावित जोखिमबाट हून सक्ने क्षति न्युन हूने, रकम अग्रिम रुपमा प्राप्त हूंदा कार्यालयबाट संचालित बिकास निर्माणका कार्यका लागि अग्रिम बजेट उपलब्ध भई समयमा कार्य प्रगति हूने भएको हूंदा ठेक्का कवोल अंकको १० प्रतिशतले हून आउने रकम छुट दिई ठेक्का बन्दोवस्त गरेको देखिएकोले नगरकार्यपालिकाको छुट दिने निर्णय, ठेक्का ब्यवस्थापनको सुचना लगायतका प्रमाणहरुका आधारमा बेरुजु नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको ।<br>क। कार्यपालिकाको निर्णय<br>ख। ठेक्का बन्दोबस्तीको सूचना । | ४३६५०००/- |
| ८. | ५८ | **भरपाईः** आर्थिक कार्यविधि २०६४ को नियम ३६ (३) मा खर्च गर्दाको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर पूर्वाञ्चल सीप विकास तालीम केन्द्रले ढाका कपडा बुनाई तालिममा संचालन गर्नका लागि सम्झौता गर्दा ५ थान ढाका तान मेसिन रू २०००० /- दरले खरिद गरी समुहमा वितरण गर्न भुक्तानी भएको छ । तर तालिम केन्द्रले प्रशिक्षार्थीलाई वितरण गरेको भरपाई पेश नभएकाले वितरण गरेको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रू | १००००/- | **भरपाईः** आर्थिक कार्यविधि २०६४ को नियम ३६ (३) मा खर्च गर्दाको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर पूर्वाञ्चल सीप विकास तालीम केन्द्रले ढाका कपडा बुनाई तालिममा संचालन गर्नका लागि सम्झौता गर्दा ५ थान ढाका तान मेसिन रू २०००० /- दरले खरिद गरी समुहमा वितरण गर्न भुक्तानी भएको छ । तर तालिम केन्द्रले प्रशिक्षार्थीलाई वितरण गरेको भरपाई पेश नभएकाले वितरण गरेको देहायका प्रमाणहरुका आधारमा बेरुजु नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको ।<br>१. प्रशिक्षार्थीलाई तालिम केन्द्रले वितरण गरेको भरपाई | १००००/- |

| क.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| ९. | ५९ | पावर टिलर ५० प्रतिशत अनुदान कार्यक्रमः ८७५-२०७७।३।२७ सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा प्याकेज बनाई खरीद गर्न नहुने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ८४(१) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख सम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा अन्य जुनसुकै सेवा शिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने उल्लेख छ । तर कार्यालयले कृषि विकास नगरस्तरीय कार्यक्रम अन्तर्गत पावर टिलर ५० प्रतिशत अनुदान वितरण गर्दा लागत अनुमान तयार नगरी ९ जना कृषकहरुले भिन्न भिन्दै ९ वटा सर्वोत्तम ट्रेडर्सको विलबाट कृषकले आफ्नो अनुपात भुक्तानी गरी बाँकी कार्यालयले रु. ९,००,०००।- भुक्तानी भएको छ ।यसरी प्रत्येक कृषकहरुले भिन्न भिन्दै खरिद गरेको कार्य नियमसंगत नदेखिएको रु. | १८०००००० | कार्यालयबाट कृषकहरुको ५० प्रतिशत लागत सहभागिता र कार्यालयको ५० प्रतिशत अनुदानमा उपभोक्ता समिति मार्फत पावर टिलर खरीदको कार्य भएको, कृषकहरुको लागत सहभागिताको रकम कार्यालयमा दाखिला गरि ठेक्का बन्दोबस्त गर्न समयावधीका साथै व्यवहारिक हिसाबले सकिने अवस्था नरहेको हूंदा कृषकको लागत सहभागितामा ५० प्रतिशत अनूदान भूक्तानी गरिएको देखिएको, यसबाट कुनै सरकारी हानीनोक्सानी नभई बढी भन्दा बढी कृषकलाई फाईदा पुग्ने काम भएको देखिएको हुंदा बेरुजु नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको ।<br>१। विल भरपाई<br>२। समितिको निर्णय<br>३। गौचरा भौचर | १८०००००० |
| १०. | ६५ | खेलाडी प्रोत्साहनः नगरपालिकामा खेलकुदको माध्यमबाट राष्ट्रिय, अन्तराष्ट्रिय पहिचार र सम्मान बढाउन भनी मिति २०७६/१२/०६ को नगर कार्यपालिकाको निर्णयले सुनवर्षी मेयकरप फुटबल प्रतियोगितामा सहभागी टोलीका २० जना सदस्यहरूलाई जनही रू ५०००/- का दरले १,००,०००/- भुक्तानी भएको छ । उक्त प्रोत्साहन रकम सुविधा कार्यविधि तथा मापदण्ड नभई वितरण गरेको हुँदा नियमसम्मत नदेखिएको । | १,००,०००/- | नगरपालिकामा खेलकुदको माध्यमबाट राष्ट्रिय, अन्तराष्ट्रिय पहिचार र सम्मान बढाउन भनी मिति २०७६/१२/०६ को नगर कार्यपालिकाको निर्णयले सुनवर्षी मेयकरप फुटबल प्रतियोगितामा सहभागी टोलीका लागि यातायात तथा खाना खर्च वापत भुक्तानी गरिएको ।<br>प्रमाण<br>१। मिति २०७६/१२/०६ को कार्यपालिकाको निर्णय प्रतिलिपि | १,००,०००/- |

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| ११. | ६८ | प्रोत्साहन भत्ता २८९-२०७६/०९/२१ र ७९८-२०७७/०३/१५ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/६६ मा बाल विकास सहजकर्ताहरूको पारिश्रमिक नेपाल सरकारको सर्शत अनुदानबाट उपलब्ध गराउने उल्लेख छ । तर नगरपालिकाको वडा नं. ११ ले वाल विकास सहजकर्ताको लागि मासिक रू २०००/- दरले ५ जनालाई रु १२०००/- बजेट विनियोजन गरी खर्च गरेको पाइयो । सशर्त तर्फको कार्यक्रमबाट तलब भत्ता पाउनेलाई पालिकाको स्रोतबाट खर्च गरेको नियम संगत नदखिएको । | १२०००/- | प्रोत्साहन भत्ता २८९-२०७६/०९/२१ र ७९८-२०७७/०३/१५ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/६६ मा बाल विकास सहजकर्ताहरूको पारिश्रमिक नेपाल सरकारको सर्शत अनुदानबाट उपलब्ध गराउनें उल्लेख भएता पनि बालविकास केन्द्रमा कार्य गर्ने बाल विकास सहजकर्तालाई तोकिएको समय भित्र भन्दा पनि विद्यालयमा आवश्यक जनशक्ति कम भएका कारण विद्यालय समय सम्म नै कार्य गर्नुपर्ने र नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक भन्दा निजहरूले पाउने पारिश्रमिक न्यून भएकाले आर्थिक वर्ष २०७६/७७ को नगरसभाले वजेट विनियोजन गरी रकम रकम भुक्तानी गरिएकोले बेरुजु नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको । | १२०००/- |
| १२ | ७९ | भरपाइ बेगरः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा विल भरपाई राखी खर्च लेख्र पर्ने व्यवस्था छ । कार्यालय प्रधानमन्त्री रोजगार कार्यक्रमको खरिद गरिएको जिन्सी सामानहरू दाखिला एवं सामानहरूको वितरण गरेको भरपाइको प्रमाण पेश हुनुपर्ने रु | ४२३४८३/- | भरपाइ बेगरः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा विल भरपाई राखी खर्च लेख्र पर्ने व्यवस्था छ । कार्यालय प्रधानमन्त्री रोजगार कार्यक्रमको खरिद गरिएको जिन्सी सामानहरू दाखिला एवं सामानहरूको वितरण गरेको भरपाइको पेश गरिएको । | ४२३४८३/- |

आर्थिक वर्ष २०७७/७८

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| १. | २१.१ | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको बिश्लेषण गरि संगठन तथा ब्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नु पर्ने र अस्थायी दरबन्दी सृजना गनर्न नपाइने ब्यवस्था छ । नगरपालिकाले बिभिन्न पदमा ८६ जना कर्मचारीहरु करारमा राखी रु.११५१५५८०।०० खर्च लेखेको अनियमित देखिएको । | ११५१५५८०।०० | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा करारवाट सेवा लिन सकिने व्यवस्था गरेको। ईन्जिनियर, सव ईन्जिनियर, असिस्टेन्ट सव ईन्जिनियर, अमिन, सहायक कम्प्युटर अपरेटर, कार्यालय सहयोगी र सवारी चालक पदमा स्थायी पदपुर्ति भई नआएको कारणले कार्यालयको दैनिक काम संचालन गर्न कठिनाई भएको हुंदा स्थायी पदपुर्ति भई नआए सम्मका लागि उपरोक्त बमोजिमका पदहरुमा कारार सेवाबाट पदपुर्ति गरिएको, कार्यालयको कर्मचारी दरवन्दी संरचना अनूसार स्थायी पदपूर्ति नभए सम्मका लागि कार्यालयको नियमित कार्य सूचारु गर्न प्राविधिक, कार्यालय सहयोगी , सवारीचालक, नगर प्रहरी , सहायक कम्प्युटर अपरेटर पदमा मात्र करार सेवाबाट बिगत आवहरुमा पदपुर्ति गरिएको अवस्थामा नियमसंगत रुपमा कर्मचारीको पारिश्रमिक भक्तानी गरिएको उक्त खर्च रकम नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको ।<br>१। दरबन्दी<br>२। प्रदेश लोकसेवामा कर्मचारी माग गरेको पत्र | ११५१५५८०।०० |

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| २. | ३८ | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ मा ढुंगा, गिट्टी, स्लेट, चुनढुंगा, खरीढुंगा अभ्रक र दहत्तरबहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउंपालिका वा नगरपालिकाले संकलन गर्ने व्यवस्था रहेको छ । कार्यालयले लोहन्द्रा खोलाकोढुंगा गिट्टी बालूवा तथा भरोटको ठेक्का कानेपोखरी बि एण्ड बि जेभीलाई भ्याट बाहेक रु ४८६६६६६६।०० मा दिईएकोमा जे.भि.ले संझौता अनूसार कबोल अंक एकमुष्ट नबूझाई पटक पटक गरि दाखिला गरेको अवस्थामा १० प्रतिशत छूट दिईएको रकम अशूल तथा बांडफांड गरि स्थानीय संचित कोषमा दाखिला गर्नु पर्ने ।. | ००।३३३५४ | अन्तर स्थानीय तहको निर्णय अनुसार बेलबारी नगरपालिकाबाट लोहन्द्रा खोलाको ढुङ्गा गिट्टी वालुवा उत्खनन तथा बिक्रीको ठेक्का ब्यवस्थापन गरिएको, कार्यपालिका बैठकको निर्णय अनुसार ठेक्का ब्यवस्थापनको सुचना प्रकाशित गर्दा कै बखत ठेक्का संझौता रकम गग्रिम रुपमा एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिने ब्यवस्था गरिएको, ठेक्का रकम एकमुष्ट अग्रिम रुपमा प्राप्त हूंदा बन्द, हड्ताल, लकडाउन, बाढी जस्ता सम्भावित जोखिमबाट हून सक्ने क्षति न्युन हूने, रकम अग्रिम रुपमा प्राप्त हूंदा कार्यालयबाट संचालित बिकास निर्माणका कार्यका लागि अग्रिम बजेट उपलब्ध भई समयमा कार्य प्रगति हूने भएको हूंदा ठेक्का बवोल अंकको १० प्रतिशतले हून आउने रकम छुट दिई ठेक्का बन्दोवस्त गरिएको अवस्थामा ठेक्क बन्दोबस्तको सुचना, नगर कार्यपालिकाको बैठकको निर्णय लगायतका प्रमाणका आधारमा उक्त ठेक्कामा छुट दिईएको रकमको कायम भएको बेरुजु रकम नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको ।<br>देहाय<br>कार्यपालिकाको निर्णय<br>ठेक्का व्यवस्थापन सूचना । | ००।३३३५४ |

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| ३. | ५२ | स्थानीय तहले सामूदायिक बिद्यालयको कक्षा ६(१२ सम्म अध्ययनरत सवै छात्राहरुका लागि निशूल्क सेनिटरी प्याड ब्यवस्थाका लागि सेनिटरी प्याड कार्यबिधी बमोजिम छात्राहरुको तथ्यांक यकीन गर्ने, बिद्यालयलाई महिनावारीको समयमा तोकिएको मापदण्ड अनूसारको प्याड उपलब्ध गराउने, बार्षिक १० महिना अवधीका लागि निशूल्क सेनिटरी प्याडको ब्यवस्था मिलाउनु पर्दछ । यस पालिकाले संघीय ससर्तबाट स्यानिटरी प्याड खरीदका लागि प्राप्त रकम मध्येबाट बसून्धरा ईन्टरप्राईजेजबाट रु.४९७५४६।९१ को स्यानिटरी प्याड खरीद गरेको छ । सो खर्चबाट बचेको ससर्त रकम ६२ ओं नगरकार्यपालिकाको बैठकले ईन्सिनेटर सहितको भेन्डिंग मेशिन खरीद गरि ठेक्का प्रकृया मार्फत नवयुग भेन्चर प्रा.लि.बाट रु.१५९१७४५।०० को स्मार्ट कार्ड स्यानिटरी प्याड भेन्डिंग मेशिन २८ थान र स्यानिटरी प्याड डिस्पोजल मेशिन थान २८ अरीद गरेको । खरीद गरिएको १ थान बाहेक अन्य बिद्यालयलाई हस्तान्तरण भईसकेकोले कार्यालयमा रहेको बांकी १ थान भेन्डिंग मेशिन बिद्यालयलाई हस्तान्तरण गर्नु पर्दछ । ससर्त तर्फ जुन प्रयोजनका लागि बजेट प्राप्त भएको सोहीमा खर्च गर्नू पर्नेमा सो नगरी खर्च गरेकोले यस्तो खर्चमा नियन्त्रण हूनू पर्दछ । | १५९१७४५।०० | सामूदायिक बिद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत छात्राहरुका लागि निशूल्क सेनिटरी प्याड ब्यवस्थाका लागि सेनिटरी प्याड कार्यबिधी बमोजिम बार्षिक १० महिना अवधीका लागि निशूल्क सेनिटरी प्याडको ब्यवस्थाका लागि कार्यालयले संघीय ससर्त अनूदान बजेट शीर्षकमा स्यानिटरी प्याड खरीदका लागि प्राप्त बजेट अख्तियारी मध्येबाट बसून्धरा ईन्टरप्राईजेजबाट रु.४९७५४६।९१ को स्यानिटरी प्याड खरीद र ठेक्का प्रकृया मार्फत नवयुग भेन्चर प्रा.लि.बाट रु.१५९१७४५।०० को स्मार्ट कार्ड स्यानिटरी प्याड भेन्डिंग मेशिन २८ थान र स्यानिटरी प्याड डिस्पोजल मेशिन थान २८ खरीद गरिएको देखिएको साथै सामूदायिक बिद्यालयहरुमा स्यानिटरी प्याडको उचित प्रयोग र ब्यवस्थापनका लागि स्यानिटरी प्याड कार्यविधीमा भएको ब्यवस्थाको मर्म बमोजिम सोही प्रयोजनका लागि खर्च गरिएको रकम नियमसंगत नै खर्च भएको देखिएको र १ थान उक्त मेशिन कार्यालयमा प्रयोग गर्ने गरि जडान गरिएको र उक्त बेरुजु नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको ।<br>१। मिति २०७७/ को कार्यपालिकाको निर्णय । | १५९१७४५।०० |

| क.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| ४. | ५५ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगतका क्रियाकलापहरुको कार्यान्वयन प्रर्कयामा बिनियोजन गरिएको रकम अर्को कार्यक्रममा खर्च गर्न नपाइने उल्लेख छ । यस नगरपालिका अन्तरगतको जनता मा.बि. नक्सलबारी र जनता मा.बि. बेलबारी ८ लाई राष्ट्रपति शैक्षिक सूधार कार्यक्रम अन्तरगत भौतिक पुर्वाधार तथा शैक्षिक बिकास कार्यक्रम अन्तरगत रु. ५०।५० लाख बिनियोजन भएको देखिन्छ। जस मध्ये दुवै बिद्यालयले रु.२३।२३ लाखको भौतिक पुर्वाधार निर्माण गरेको र बांकी रकम रु.२७।२७ लाखबाट बिद्यालयका लागि बस खरीद गरेको छ । कार्यान्वयन प्रकृयाको बूंदा नं. ८ मा भौतिक पुर्वाधार तथा शैक्षिक बिकास कार्यक्रम अन्तरगत बस खरीद सम्बन्धी व्यवस्था नभएकोमा निर्देशिका बिपरित गरिएको बस खरीद नियमित देखिएन । | ५४०००।०० | राष्ट्रपति शैक्षिक सूधार कार्यक्रम कार्यान्वयन कार्यबिधिको दफा ५ ले कार्यक्रमको क्षेत्र अन्तरगत ६ वटा क्षेत्रबाट १९ वटा उप क्षेत्रलाई कार्यक्रम क्षेत्रका रुपमा उल्लेख गरिएको छ । उपक्षेत्र क को बुंदा नं. ८ मा सवारी साधन व्यवस्थापन गर्न सकिने व्यवस्था उल्लेख छ । सम्बन्धित बिद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम बेलबारी नगरपालिका, शिक्षा बिकास तथा समन्वय ईकाई मोरंगको सिफारिसमा शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालयले यी दूई वटा बिद्यालयहरुलाई राजश्व छुट सहित बस खरीदका लागि अनूमति दिईएकोले बस खरीद प्रकृया र बिनियोजित बजेटको प्रयोजन बिधमान ऐन नियम, कार्यबिधि अनूरुप सरकारी स्विकृतिमा नै भएको देखिएको अवस्थामा यसबाट कूनै सरकारी हानी नोक्सानी नभई सामूदायिक बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुलाई बिद्यालय जान र आउन उल्लेख्य सहयोग पूगेको हूंदा उक्त बस खरीदमा कायम भएको बेरुजू नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको ।<br>१। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यबिधि २०७६<br>२। शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालयको टिप्पणी । | ५४०००।०० |
| ५. | ११६ | सार्वजनिक खरीद ऐन २०६३ को दफा ८ (२) मा सार्वजनिक निकायले कूनै पनि खरीद गर्दा प्रतिस्पर्धा सिमित हूने गरि टुक्रा पारि खरीद गर्नू हूंदैन भन्ने व्यवस्था रहेको छ । त्यसैगरि सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५.१(क) मा सोझै खरीद गर्न सकिने रकम सीमा र १(ख) मा एक आर्थिक बर्षमा १(क)मा तोकिएको रकम सीमाबाट खरीद गर्न सकिने प्रकृया सम्बन्धी व्यवस्था छ । नगरपालिकाले तपसिलको मेशिनरी औजार खरीद कार्य ऐनमा तोकिएअनूसार खरीद प्याकेज नबनाई एकै कार्य टुक्रा गरि सोझै खरीद गरेकोले नियम संगत नदेखिएको | २९०३९३७।०० | कार्यलयबाट मेशिनरी औजार लगायतका सामाग्रीहरु प्याकेज बनाई ठेक्का प्रकृयाबाट खरीद गर्ने गरिएकोमा कतिपय अवस्थामा आकस्मिक रुपमा आवश्यकता अनूसार सामाग्रहिरु खरीद गर्नू पर्ने अवस्था आउने गरेकोमा ती समानहरु अग्रिम आवश्यकता अनूमान गर्न सकिने अवस्था नरहेको हूंदा प्याकेज बनाई खरीद गर्न नसकिएको, अबउप्रान्त यस्तो प्रकारको खर्च दोहोरिन नदिने प्रतिबद्धता सहित कायम भएको बेरुजू नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको । | २९०३९३७।०० |

| क्र.स. | बेरूजुको दफा नं. | बेरूजुको व्यहोरा | बेरूजु रकम रू | नियमित गरी बेरूजु फछ्यौंटका लागि गरीएको | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस | रकम |
| ६. | १२१ | सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हूने गरि टुक्रा टुक्रा प्याकेज बनाई खरीद गर्न नहूने ब्यवस्था छ । त्यस्तै नियमावलीको नियम ८४(१) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरीद योजना अनूसार २० लाख सम्म लागत अनूमान भएको मालसमान, निर्माण कार्य वा अन्य जूनसूकै सेवा शिलबन्दी दरभाउपत्र आह्वान गरि खरीद गर्न सकिने उल्लेख छ । तर कायालयले कृषि बिकास नगरस्तरीय कार्यक्रम अन्तरगत पावर टिलर ५० प्रतिशत अनूदानमा बितरण आवश्यक कारबाही प्रकृया अगाडी बढाउने निर्णय २०७७।१०।२३ मा गरेको छ । तर कृषकलाई पावर टिलर बितरण गर्दा लागत अनूमान तयार नगरी तथा कूनै बिधी नअपनाई १० जना कृषकहरुले भिन्नाभिन्नै १० वटा भरत मेशिनरी पार्टसको बिलबाट कृषकले आफ्नो अनूपात भूक्तानी गरि बांकी कार्यालयले १०००००।०० भूक्तानी गरेको छ । यसरी प्रत्येक कृषकहरुलाई भिन्नाभिन्नै टुक्रा पारी खरीभद गरेको कार्य नियमसंगत नदेखिएको । | २०००००।०० | कार्यालयबाट कृषकहरुको ५० प्रतिशत लागत सहभागिता र कार्यालयको ५० प्रतिशत अनुदानमा उपभोक्ता समिति मार्फत पावर टिलर खरीदको कार्य भएको, कृषकहरुको लागत सहभागिताको रकम कार्यालयमा दाखिला गरि ठेक्का बन्दोबस्त गर्न समयावधीका साथै ब्यवहारिक हिसावले सकिने अवस्था नरहेको हूंदा कृषकको लागत सहभागितामा कृषकहरुले कोटेशनका आधारमा खरीद गरेका बिलभरपाई तथा आवश्यक कागजातहरुका आधारमा ५० प्रतिशत अनूदान भूक्तानी गरिएको देखिएको, यसबाट कुनै सरकारी हानीनोक्सानी नभई बढी भन्दा बढी कृषकलाई फाईदा पुग्ने काम भएको देखिएको हुंदा बेरुजु नियमित गरि समपरिक्षण गर्न आवश्यक देखिएको ।<br><br>देहाय<br>१। विल भरपाई<br>२। गौश्चरा भौचर | २०००००।०० |

निर्णय नं. ३१. बेलबारी नगरपालिकाको बाह्रौं नगरसभा अधिवेशन देहाय बमोजिमको कार्यतालिका बमोजिम गर्ने निर्णय गरियो ।

देहाय

अनुसुची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

बेलबारी नगरपालिका

नगरसभा

कार्यसूची र समयतालिका

बैठक संख्याः २१ औं

बैठक स्थानः बेतना हल

